# तमू ह्युल छोंज धीं
# (गुरुङ राष्ट्रिय परिषद)
# दोस्रो ऐतिहासिक राष्ट्रिय महाधिवेशन-२०६९
## साँगठनिक प्रतिवेदन
**माघ २०-२२ गते, बिर्तामोड, झापा**

**आदरणीय अध्यक्षमण्डलका अध्यक्ष ज्यु,**

सम्मानित बन्द शत्रका अध्यक्षमण्डलका सदस्यज्यूहरु, संस्थाका संरक्षक परिषदका पदाधिकारी सदस्यहरु, सल्लाहकार समितिका सम्मानित व्यक्तित्वहरु, निर्देशन तथा अनुगमन समितिका विद्धान मित्रहरु, विदेश स्थित तथा छिमेकी राष्ट्रबाट पाल्नु भएका तमू संघ, संस्थाका मित्रहरु साथै सम्पूर्ण महाधिवेशनका प्रतिनिधि साथीहरु, आज हामी तमूहरुको एकमात्र साझा संस्था तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदले पूर्वको व्यापारिक केन्द्र बिर्तामोडमा भैरहेको यस ऐतिहासिक दोस्रो राष्ट्रिय महाधिवेशनमा यहाँहरुलाई स्वागत गर्न पाउँदा अत्यन्तै गर्वानुभूति भएको छ । सर्वप्रथम म केन्द्रिय समिति वा मूल आयोजक समितिको तर्फबाट यहाँहरुलाई हार्दिक न्यानो अभिवादन तथा छ्याजलो व्यक्त गर्दछु ।

देशको सत्रलमणकालीन तथा अन्यौलपुर्ण राष्ट्रिय राजनैतिक परिस्थितिमा विभिन्न कठिनाइहरुका बावजुद पनि भौगोलिक रुपले सुदुरपूर्व साथै सुदुरपश्चिम एवं हिमाल, पहाड र तराई सबै ठाउँबाट साथीहरुको उत्साहजनक उपस्थिति भएकोले हामीले उठाएको मुल नारालाई ठोस रुपमा पुरा गर्न तथा तमू एकतालाई थप रुपमा मजबुत पार्न हामीहरुमा अझै जोश, जाँगर र उत्साह थपिएको छ । तसर्थ यस महाधिवेशनलाई सफल बनाउनको लागि व्यवस्थापकीय जिम्मेवारी पूरा गर्न आ-आफ्नो क्षेत्रबाट दिनरात खटेर लाग्नु हुने साथीहरुमा म वहाँहरुलाई आयोजक समितिको तर्फबाट हृदयदेखिनै धन्यवाद दिन चाहन्छु । साथै यस घडिमा हाम्रो संस्थाको संस्थापक संस्था गुरुङ राष्ट्रिय परिषदका अध्यक्ष स्व. प्रा. सन्तबहादुर तमू, संरक्षक परिषदका अध्यक्ष स्व. डा.रेमबहादुर तमू, संरक्षक परिषदका महासचिव तथा तमू समुदायको युगपुरुष स्व. श्रीप्रसाद तमू, यस संस्थाका केन्द्रिय सदस्य सुखेतका स्व. कुलबहादुर तमू, जिल्ला कार्य समिति मकवानपुरको अध्यक्ष स्व. ववरसिंह गुरुङ, जिल्ला कार्यसमिति पर्वतको कोषाध्यक्ष स्व. तीर्थकुमारी गुरुङ, केन्द्रिय सल्लाहकार धरानका स्व.क्या. दलवहादुर गुरुङ, स्यार्लो तमू प्ये ल्हु संघका अध्यक्ष स्व. क्या. भीमबहादुर तमू, लगायत तमू समाजका अगुवाहरुको दुःखद निधनले सिङ्गो समुदायलाई ने स्तव्ध बनाएको छ । उहाँहरुप्रति हार्दिक श्रदान्जली व्यक्त गर्दछौं ।

**अस्तित्व र पहिचान भन्दा ठुलो धन सम्पति होइन** भन्ने मुल वुझाइका साथ हामीले आफ्नो जीवनका धेरै महत्वपुर्ण समयहरु आफ्नो समुदायको हक, हित र अधिकारको लागि खर्च गरिसकेका छौं । हामीलाई आफ्नो प्राण भन्दा पनि हाम्रो संस्थाको माया धेरै लाग्छ त्यसैले हामी आफ्ना विभिन्न व्यक्तिगत कामहरुलाई एकातिर पन्छाएर यस महाधिवेशनको यस महत्वपूर्ण सत्रमा उपस्थित भएका छौं । तमू ह्युल छोंज धीं (गुरुङ राष्ट्रिय परिषद)को दोस्रो ऐतिहासिक महाधिवेशनको उद्घाटन पछिको यस महत्वपूर्ण दोस्रो सत्रमा हामी हाम्रो संगठनले प्रथम ऐतिहासिक एकताको महाधिवेशन पश्चातको वर्षमा गरेका कार्यक्रमहरु लगायत रणनीति, कार्यनीति, सवालहरु र राष्ट्रिय राजनैतिक अवस्थाको विश्लेषण र गहन समिक्षा गरी आगामी दिनका लागि भावी कार्ययोजना तर्जुमा गर्नुपर्नेछ । यी कुराहरुको हामीले समिक्षा गरिरहदा तमू एकताको मर्म र भावनालाई आधार बनाई र महाधिवेशनको मुल नारालाई संस्थागत रुपमा कार्यान्वयन गर्ने नीति निर्माण र नीति अनुसारको नेतृत्व चयनको यर्थाथतालाई स्विकार गरिनु पर्छ । यसर्थ, सम्पूर्ण जिल्ला समिति तथा संघ/संस्थाहरुबाट सहभागी हुन आउनुभएका प्रतिनिधि साथीहरुले सोही अनुरुपको कर्तव्य बोध गर्नुहुनेछ भन्ने हामीले पूर्ण विश्वास लिएका छौं ।

वि.सं. २०११ सालमा स्थापित **गुरुङ कल्याण संघ** देखी आजसम्म अस्तित्वमा रहेका सम्पूर्ण तमू संघ-संस्थाहरुको इतिहासलाई सम्मान गर्दै वर्तमान परिस्थितिको माग अनुरुप हामीले हाम्रो संस्थालाई **जिउदाको जन्ति र मर्दाको मलामी**को रुपमा मात्रै नभई आफ्नो **समुदायको हक, हित र अधिकारको लागि लड्ने** एकमात्र साझा अधिकारवादी संस्थाको रुपमा २०६५ चैत्र १५-१८ गतेसम्म चितवनमा सम्पन्न एकता राष्ट्रिय महाधिवेशनवाट नीतिगत रुपमा र २०६९ असोज १९ र २० गतेसम्म कावासोती, नवलपरासीमा भएको तेस्रो पार्षदसभाबाट विधानत् स्थापित गरिसकेका छौं । तसर्थ, तमू समुदायको हितका लागि हामीले विभिन्न दलगत आस्था र धार्मिक विश्वास भन्दा माथि उठेर समुदायगत स्वार्थमा लाग्नु नै हाम्रो इतिहास देखिको दायीत्व हुन आएको छ । यो संस्था राजनीतिक दलगत स्वार्थ भन्दा माथि रहेको साझा संस्था हो, यसले नेपालमा अस्तित्वमा रहेका कुनैपनि दलसँग नजिक वा टाढाको साइनो राख्दैन्, राख्नु पनि हुदैन त्यसैमा हाम्रो अस्तित्व र पहिचान रहेको छ । यहि नै हाम्रो संस्थाको मेरुदण्ड आधार हो । हाम्रो आन्दोलन मानवअधिकारको आन्दोलन हो, समाजमा विभेदको अन्त्य हुनु पर्छ भन्ने आन्दोलन हो । नेपालको आदिवासी जनजाति आन्दोलनले धेरै उपलब्धिहरु हात परि रहेको छ । यति हुँदा हुँदै पनि यदि हामीले बेलैमा बुद्धि पुऱ्याउन सकेनौं भन्ने अहिले सम्म प्राप्त गरेका उपलब्धिहरु गुम्ने अवस्था छ । हाम्रो आन्दोलनको पक्षमा नभएकाहरु विभिन्न दलका माध्यमले हामीलाई नियन्त्रण गर्न खोजिदैछ, जुन हाम्रो लागि सबै भन्दा खतरनाक कुरा हो । यो कुराबाट मुक्त गर्नमा यो महाधिवेशनले भुमिका खेल्न आवश्यक छ ।

संसारभरका तमूहरुलाई एकजुट गर्दै सम्पूर्ण आदिवासी जनजाति समुदायले उठाउदै आएको पहिचान, प्रतिनिधित्व र पहुँचको मुद्धा लगायत सबैखाले विभेद र भेदभावको समूल अन्त्य गरी समतामुलक समाज निर्माणको महान अभियानको अग्रमोर्चामा हामी

संस्थागत रुपमा देखिएका छौं । यो लडाई मानव अधिकार, राष्ट्रियता र पूर्ण लोकतन्त्रको पक्षको लडाई हो, यो आन्दोलन मूलुकलाई विखण्डन गर्नको लागि होइन मूलुकलाई अझै मजवुत वनाउनको लागि हो । हामी नेपाली माटोलाई मायाँ गर्ने यही धर्तीका मूलवासी हौं, हामी मूलुकमा आजसम्म रहेको एकल जातिय, भाषिक, सास्कृतिक र धार्मिक एकाधिकारको अन्त गर्दै वहुजातिय, वहुभाषिक, वहुसास्कृतिक र वहुधार्मिक नेपाल संघीय शासन ब्यवस्थाको माध्यमले वनाउन चाहन्छौं । त्यसैले हामी सामाजिक संस्था भएता पनि पहिचान सहितको संघीयता र समावेशी संविधान निर्माणको अभियानमा छौं साथै तमू समुदायको भाषा, लिपी, धर्म, संस्कार र संस्कतिको संरक्षण र संवर्द्धनमा एकजुट भई अघि बढ्नु पर्ने ऐतिहासिक जिम्मेवारी र अभिभारा पनि हाम्रो काँधमा आइपरेको छ । यीनै जिम्मेवारी र चुनौतिका बीचमा हामीले हाम्रो संस्थाको ऐतिहासिक दोश्रो राष्ट्रिय महाधिवेशनबाट सो मुद्धालाई थपरुपमा सशक्तताको साथ र सोहि अनुसार संस्थाको नेतृत्व चयन गर्नु हाम्रो कर्तब्य र दायीत्व दुवै हुन आएको छ । यस ऐतिहासिक महाधिवेशनले नेपाल लगायत संसारभरको आदिवासी जनजाति आन्दोलनको समीक्षा गर्दै त्यसमा यो संस्थाले खेलेको भूमिकाको मूल्याङ्कन सहित विगतको नीति तथा कार्यक्रमहरुको समीक्षा गर्ने छ । साथै आगामी दिनमा हामीले अंगिकार गर्नु पर्ने नीति तथा कार्यक्रमहरु सर्वसम्मत रुपमा तय गर्दै जातीय स्वायत्तता र तमुवान राज्य प्राप्तिको लागि ठोस रणनीति तय गर्ने सुनौलो अवसरको रुपमा यस महाधिवेशनलाई ग्रहण गर्नु वर्तमानको आवश्यकता भएको छ ।

**प्रिय प्रतिनिधि साथीहरु,**
ऐतिहासिक संविधानसभाको अवसानसंगै आम नेपालीहरुको चाहनामा कुठराघात भएको छ । आदिवासी जनजातिहरुले उठाएको जातिय पहिचान सहितको राज्यको पुर्नसंरचना गर्नुपर्ने आवाजलाई वेवास्ता गरेर अगाडी बढ्न मुख्य दलहरुले नसकेकै कारणले संविधानसभा जर्बरजस्त रुपमा अवसान गराइएको हो । यसरी ऐतिहासिक विभेद र असमानताहरुलाई वैधानिक रुपमा सम्वोधन गर्नका लागि परेको घडिमा संविधानसभा नै जीवित हुन नदिए पछि उत्पन्न तरल राष्ट्रिय राजनैतिक परिवेशले राज्यमा के हो ?... अबको निकास के हो ? .... संविधानसभाको पुर्नस्थापना कि नयाँ निर्वाचन वा अन्य कुनै राजनैतिक परिवर्तन हुने हो ?.... हामीले उठाएको सवालहरु के हुने हो?.... भन्ने जस्ता अन्यौलताहरु सम्पुर्ण जनतामा रहेको अवस्थामा यो महाधिवेशन सम्पन्न गर्न गइरहेको छौं । हाम्रो सामु देखिएका यी चुनौतीहरुको सामना गर्नका निम्ती यहाँहरुको सक्रिय सहभागिता रहेको यस महाधिवेशनले सहि नीति पारित गरि हामीले उठाएका सवाल र मुद्धाहरुलाई समाधान गर्न हामीलाई निश्चय नै उर्जा प्राप्त हुनेछ । हाम्रो सशक्त पहलकदमी र खबरदारी बिना हामीले उठाएका मुद्धाहरु राज्यपक्षबाट सम्बोधन हुनेवाला छैन । यसको पक्षमा लाग्नु हामी तमू र यो संस्थाको मुल कर्तव्य हो । यो मुल कर्तव्यलाई हामी सबैले हृदयदेखि नै आत्मसाथ गरौं । अव म हाम्रो संस्थाको तर्फवाट देशको अहिलेको विषम परिस्थितिका विषयमा केही साझा धारणाहरु प्रस्ताव गर्ने अनुमति चाहन्छु । यसमा अभिब्यक्त गरिएका विचारहरु कुनै पनि राजनीतिक दलको विचारसँग मेलखाएमा संयोग वाहेक केही हुने छैन भन्ने विषयलाई पनि प्रष्ट पार्न चाहन्छु ।

**संविधानसभाको अवसान र कारक तत्व :** नेपालको राजनीतिक इतिहासमा पहिलो पटक नेपाली जनताले आफ्नो संविधान आफै लेख्न पाएको जनादेशले संविधानसभा मार्फत करिव करिव अन्तिम स्वरुप ग्रहण गरिसकेको अवस्थामा ऐतिहासिक संविधानसभाको २०६९ जेठ १४ गते मध्यरातमा संघीयता र जातीय पहिचानको विरोधीहरुले षड्यन्त्रमुलक ढंगले अवसान गराएका छन् । ऐतिहासिक संविधानसभाको अवसानसंगै सदियौंदेखिको एकल जातीय, भाषिक, साँस्कृतिक र धार्मिक एकाधिकारको अन्त गर्दै जातीय पहिचानको आधारमा राज्य पुनः संरचना गर्ने हामी आदिवासी जनजातिहरुको उदेश्य र चाहना माथि कुठराघात भएको छ । राज्यको ९ अर्व धनराशी समाप्त गरेर ४ वर्षसम्म नेपाली जनता र जनताका प्रतिनिधि संविधानसभाका सभासदहरुलाई समेत वेकम्मा बनाउँदै ठूला दलका शिर्ष भनिने नेताहरुले सहमतिको नाममा सदैव सत्ताको लडाइ गर्दै लोकतान्त्रिक पद्धतिलाई समेत अवरुद्ध गरेर संविधान पनि बन्न नदिने र संविधानसभा पनि अवसान गराउने जुन काम गरे त्यो अत्यन्त निन्दनीय र दुःखद् छ । हामी यसको निरन्तर भण्डाफोर र निन्दा गर्न चाहन्छौं, साथै जेठ १४ लाई नेपाली आदिवासी जनजातिहरुको आन्दोलनको इतिहासमा **कालो दिन**को रुपमा लिन वाध्य भएका छौं ।

हामी आदिवासी जनजातिहरु जातीय पहिचान, अग्राधिकार एवं आत्मनिर्णयको अधिकारसहितको संघीय व्यवस्थाको पक्षमा निरन्तर आन्दोलन उठाइरहेका थियौं । हाम्रो आन्दोलन न्यायका लागि २४० वर्षदेखि हामीमाथि भएको राज्यको विभेद, असमानता एवं उत्पीडनका विरुद्धमा थियो । र, यही जातीय, वर्गीय, क्षेत्रीय एवं लैंगिक विभेदको अन्त्य गर्नका लागि संघीय व्यवस्थामा जाने कुरा अन्तरिम संविधानमा उल्लेख गरिएको थियो । तर यो न्यायपूर्ण आन्दोलनलाई विथोल्न यहाँका अतिवादी सामन्ति, ब्राम्हाणवादी शक्तिहरुले आदिवासी जनजातिमाथि भएको शताव्दियौ लामो विभेदको अन्त गर्नको सट्टा त्यसका विरुद्ध भित्रभित्रै षडयन्त्र शुरु गरे । संविधान लेखन प्रक्रिया जति जति तीव्र भयो, त्यति त्यति संघीयता विरोधीहरुको चलखेल तीव्र भयो र त्यसले जातीय राज्यको कथित आरोप लगाउँदै हाम्रो न्यायपूर्ण आन्दोलनको प्रतिकारमा आन्दोलन शुरु गर्‍यो । सो पंक्तिमा अन्ततिर आइपुग्दा नेकपा (एमाले) र नेपाली कांग्रेसको मूल नेतृत्वदेखि माओवादीभित्रका केही नेतृत्वहरु समेत संलग्न भए । त्यसको गठजोडमा अखण्डताको नाममा अखण्ड सुदूरपश्चिम, मध्य र पश्चिमको कथित बन्दसम्मको स्थिति अघि बढ्यो । र, अन्तमा बाहुन, क्षेत्री एवं दशनामीको नाममा दुई दिने नेपाल बन्दसम्म भयो । बाहिर जे भनिएपनि यो सारमा जातीय पहिचानका विरुद्ध मात्र थिएन बरु संघीयताकै विरुद्ध लक्षित थियो । उनीहरुको नारा थियो **जातीय राज्य चाँहिदैन, देश टुक्रयाउन पाइन्दैन** । यसको प्रत्यक्ष प्रभाव संविधानसभाभित्र मात्र होइन ठुला दलहरुभित्र पनि पर्‍यो । संविधानसभाको समय अन्त्यतिर पुग्दा दलहरुका वीचमा संविधानका मुख्य विवादित विषयहरुमा एक खालको सहमतिको प्रक्रिया अघि बढेपनि राज्यको पुनः संरचनाका सम्बन्धमा कुनै पनि सहमति जुट्न सकेन । सहमतिका लागि हामीले विभिन्न वैकल्पिक प्रस्तावहरुमाथि पनि धेरै पटक छलफल गरौं । **पहिचानजनित संघीय**

**राज्य तमूवान ,लिम्बुवान, ताम्सालीङ** मात्र नहुने भए त्यसमा खसभाषाको नाममा रहेको **भूगोल** जस्तोः तमूवान गण्डकी जोडेर जाने, त्यतिले नपुगे नामकापछि **बहुजातीय** शब्द जोडेर पनि जान सकिने विकल्प प्रस्तावहरु प्रस्तुत हुँदा पनि सहमति हुन सकेन । र, यता सहमतिको रटान दिने र उता संविधानसभाको प्रक्रियामा पनि अघि बढ्न नदिने स्थिति पैदा भयो । यस प्रकार निरन्तर संविधानसभाको समय गुजार्ने नियोजित प्रयत्न भयो । र, अन्ततः संविधान बन्न नदिई हठात् संविधानसभाको अवसान गरियो । यस प्रक्रियामा संविधानसभाका अध्यक्षले आफ्नो अधिकार प्रयोग गर्दै दलहरुका वीच सहमति नभएपछि संविधानसभाको प्रक्रिया अगाडी बढाउन सक्दथे र एउटा निकास देश र जनताले पाउने सम्भावना थियो । तर सभाध्यक्षले समेत त्यो हिम्मत नगरेपछि संविधानसभाको अन्तत् अवसान भयो । स्वाभाविक रुपमा संविधानसभाको अवसान गराउनमा यसका अतिरिक्त अन्य विभिन्न देशी, विदेशी शक्तिहरुको पनि नियोजित पहलकदमी रहेको कुरा बुझ्न सकिन्छ ।

**संविधानसभाभित्रको अवस्था :**

**दुईतिहाई संविधानसभाका सदस्यहरु पहिचानको पक्षमा :**
संविधानसभाभित्रका आदिवासी जनजाति ककस, मधेशी ककस र दलित ककसले संयुक्त हस्ताक्षर गरेर ११ गते नै ३२० जनाको हस्ताक्षर बुझाईसकेको थियो । १४ गतेसम्म आइपुग्दा पहिचानको पक्षमा ४०१ भन्दा बढी सभासदहरुले हस्ताक्षर गरिसकेको स्थिति थियो ।

**विधिवत प्रक्रियाका हिसावले पहिचानको मुद्दा :**

क) संविधानसभा राज्य पुनः संरचना तथा राज्य शक्तिको वाँडफाँड समितिले गत दुई वर्ष अघि नै पहिचान र सामर्थ्यलाई आधार बनाउँदै १४ प्रदेशको प्रस्ताव पारित गरिसकेको थियो ।

ख) तीन राजनैतिक दलको सहमतिमा नेपाल सरकारले विज्ञ समिति गठन गर्ने भन्ने निर्णयलाई आदिवासी जनजाति सभासदसभा (ककस) ले फिर्ता लिन वाध्य पारेपछि राज्य पुनः संरचना उच्चस्तरीय आयोग बनाउनै पर्ने जिकिर बढेपछि अन्ततः मधेशी मोर्चा समेत ए नेकपा (माओवादी), नेपाली कांग्रेस र नेकपा (एमाले) लगायतका ठूला दलहरुको प्रतिनिधि सम्मिलित ९ सदस्यीय राज्य पुनःसंरचना उच्चस्तरीय आयोग सरकारले बनायो । आयोगले संविधानसभा, राज्य पुनःसंरचना समितिद्धारा प्रस्तावित १४ प्रदेशलाई परिमार्जन गर्दै पहिचान र सामर्थ्यकै आधारमा १० प्रदेश (दलितको गैरभौगोलिक प्रदेश समेत गरेर ११) बनाउनु उपयुक्त हुने प्रतिवेदन सरकारलाई बुझाएको थियो ।

ग) संविधानसभाले गत २०६८ साल चैत्र १३ देखि १६ गतेसम्म राज्य पुनः संरचना उच्चस्तरिय सुझाव आयोगद्धारा प्रस्तुत प्रतिवेदनमाथि गंभीर छलफल गऱ्यो । जसमा २७५ जना सभासदहरुले आफ्नो धारणा राखेका थिए । त्यसमध्ये १५४ जना सभासदहरुले पहिचान र सामर्थ्यकै आधारमा राज्यको पुनः संरचना हुनुपर्ने अभिमत जाहेर गरे । २२ जनाले आफ्नो समुदाय दलित, मुस्लिम विशेषको मुद्धामा मात्र मत राखे भने ९९ जनाले मात्र भूगोलको आधारमा जानुपर्ने बताए । यसप्रकार समिति र आयोगबाट मात्र होइन संविधानसभाको सभासदहरुको अभिमतबाट समेत पहिचान र सामर्थ्यको कुरा पारित भइसकेको अवस्था थियो ।

जेठ १४ गतेपछि मुलुक ध्रुविकरणको प्रक्रियामा प्रवेश गरेको छ । यस प्रक्रियामा एकाथरिहरु पहिचानसहितको संघीयताको पक्षमा उभिएका छन् भने अर्काथरिहरु पहिचान विहिन  वा भौगोलिक संघीयताको पक्षमा उभिएका छन् । यसरी अव देश ट्ड्कारो रुपमा यो दुई खेमामा ध्रुविकृत हुँदैछ । हामी स्पष्ट छौं, हाम्रो अहिलेसम्मको सबै संघर्ष जातीय पहिचानसहितको अग्राधिकार र आत्मनिर्णयको अधिकारले सम्पन्न बहुजातीय प्रदेश हो । अतः यो परिवर्तित स्थितिमा पहिचान पक्षीय शक्तिहरुको अवको स्पष्ट दृष्टिकोण, भूमिका, कार्ययोजना र कार्यक्रम के हुनसक्छ ? भन्नेवारे बहस छलफल गर्नु पनि यो सभाको मुख्य उदेश्य रहेको छ ।

क) **परिस्थितिको समिक्षा र नीतिगत योजनाः**

ऐतिहासिक संविधानसभा अवसान भएपश्चात आदिवासी जनजाति संयुक्त संघर्ष समिति, आदिवासी जनजाति बृहत् संयुक्त मोर्चा, नेपाल आदिवासी जनजाति महासंघ आदिको समिक्षा बैठकहरु सम्पन्न भएका छन् । साथै, हाम्रो संस्थाको अनौपचारिक बैठकहरुमा पनि वर्तमान परिस्थितिको यथेष्ट समिक्षा भएको छ । यी सबै समिक्षा बैठकहरुवाट हामीले आगामी दिनका लागि विशेष सुझाव र योजनाहरु प्राप्त गरेका छौं । हामी सहजै भन्न सक्छौ संविधानसभावाट नेपालका आदिवासी जनजातिहरुको जातीय पहिचान सहितको संघीय संविधान सुनिश्चित भैसकेको थियो त्यही हुन नदिन संविधानसभाको अवसान गराएको हो । संविधानसभाको अवसानसगै नेपाली राजनीतिमा संवैधानिक अन्यौंलताहरु देखिएको छ त्यसलाई मुख्य राजनीतिक दलहरुले आ-आफ्नो दलगत स्वार्थमा परिभाषित र व्याख्या गर्दै आएको सन्दर्भमा हामी सम्पुर्ण राजनीतिक दलहरुलाई सहमतिका साथ वर्तमान संकटको सामधान गर्न  जोडदार माग गर्न चाहन्छौं । आज हाम्रो संस्थाको यस सत्रमा वर्तमान आन्दोलनको समिक्षा र त्यसपछि उत्पन्न परिस्थितिका वारेमा गहन छलफल गर्दै आगामी योजना, कार्यक्रम र दृष्टिकोणका सन्दर्भमा ठोस अवधारणा अघि सार्नु अपरिहार्य भएको छ । ती विषयहरुलाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद एक साझा सामाजिक संस्था हो, त्यसैले यसको भूमिका विभिन्न राजनीतिक दलहरुमा रहनु भएका र स्वतन्त्र तमूहरुको बीचमा संयोजनकारी नै हुनेछ यही अनुसार सबै तह र तप्कामा कामहरु गर्ने, गराउने ।
- आदिवासी जनजातिहरुको अलगै राजनैतिक शक्तिको विकास गरेर जाने कुरामा यो संस्थाले जोड दिने तर यही संस्था नै राजनीतिक दलको रुपमा परिणत हुने सम्भावना छैन र हुँदैन पनि ।
- यदि हामीहरु छुट्टै राजनीतिक दलको रुपमा एउटै झण्डामुनि गोलवन्द हुन नसके जातीय पहिचानसहितको संघीयताका पक्षधर शक्तिहरुको संयुक्त मोर्चाको निर्माण गर्ने ।
- नेपाली जनताका प्रतिनिधिहरु रहेको संविधानसभाद्धारा नै संविधान बनाउने र त्यहींबाट संविधान जारी गर्ने प्रक्रिया नै सवैभन्दा लोकतान्त्रिक पद्धति भएकाले संविधानसभा हाम्रो बटम लाइने हुनेछ । विघटित संविधानसभा ब्युताउने वा संविधानसभाको अर्को निर्वाचन गर्ने भन्ने कुरा राष्ट्रिय सहमतिका आधारमा तय गर्ने कुरामा जोड दिने ।
- संविधानसभालाई वेवास्ता गरेर आयोग वा कार्यदल बनाई संविधान घोषणा गर्ने विषयको हामी सदैव विपक्षमा रहने किनकी यी सवै प्रक्रिया आदिवासी जनजातिहरुको मुद्धाहरुलाई ओझेलमा पार्नको लागि नै हुनेछ त्यसैले हामीले ब्युतिएको वा अन्तरिम संविधान संशोधन गरेर अर्को निर्वाचन भएको संविधानसभामै जोड दिने ।
- यदि संविधानसभाको निर्वाचन हुने भएको खण्डमा दलगत भन्दापनि जातीय पहिचानपक्षधरहरुलाई विजय गराउनको लागि हामीले संस्थागत रुपमा पहल कदमी लिने ।
- यदि संविधानसभाको पुर्नस्थापना भएको खण्डमा पुनः पहिचानको आन्दोलनलाई सशक्त गर्दै अगाडी वढाउने ।
- विगतमा भए जस्तो सहमतिका नाममा असहमति गरेर जनताको लोकतान्त्रिक अधिकारलाई कुण्ठित गर्ने प्रक्रियाको तीव्र निन्दा र भत्सर्ना गर्ने । विगतमा तीन दल र मधेशी मोर्चाका शिर्ष नेताहरुले सहमति गर्ने नाममा सिंगै संविधानसभालाई कैद बनाएको, लोकतान्त्रिक प्रक्रियाको अपहरण गरेको र अन्ततः त्यसको परिणाम संविधान नबनाई संविधानसभाको अवसान भएकोप्रति गंभीर असहमति जाहेर गर्दै आगामी दिनमा संविधानसभाभित्रैबाट सहमति खोज्न जोडदार माग गर्ने ।

**अध्यक्ष ज्यू तथा प्रतिनिधि साथीहरु**

हामीले विगत देखि उठाउदै आएका सवैधानिक सवालहरु देहाय अनुसार रहेको छ । यी सवालहरुलाई संविधानमा सम्वोधन गर्नु हाम्रो मुख्य काम हुन आएको छ ।

**हाम्रा माँगहरु :**

- संविधानमा आत्मनिर्णयको अधिकार सहितको जातीय स्वशासनको ग्यारेन्टी गर्दै तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यको सुनिश्चित गर्नु पर्ने ।
- जाति, भाषा र ऐतिहासिक पहिचानको आधारमा संघ राज्यहरुको निर्धारण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पुनः संरचना गर्नुपर्ने ।
- तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यको भौगोलिक सिमाना पश्चिममा कालीगण्डकी, पूर्वमा बुढीगण्डकी, उत्तर र दक्षिणमा अन्तर्राष्ट्रिय सिमासम्म कायम गरिनु पर्ने ।
- तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यका तमूहरुको भाषालाई सरकारी (सरकारी कार्यालय, सञ्चारमाध्यम र अदालत) कामकाजको भाषाको रुपमा प्रयोग गर्ने पूर्ण अधिकार प्रदान गर्दै राज्यमा वहु-भाषिक नीति लागू गर्नुपर्ने ।
- नेपालको अन्तरिम संसदबाट समेत पारित अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, सन् १९६६ को आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध तथा सन् १९६६ कै नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, सन् १९६३ को सबै प्रकारको जातीय विभेदको निर्मुलन सम्बन्धी राष्ट्रसंघीय घोषणा-पत्र र सन् २००७ मा संयुक्त राष्ट्र संघकै महासभाद्वारा पारित तथा जारी आदिवासी अधिकार सम्बन्धी विश्वव्यापी घोषणा-पत्र बमोजिमका प्रावधानहरुलाई सम्मान गर्दै तुरुन्त कार्यान्वयन गर्नुपर्ने ।
- तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यमा सञ्चालन गरिने सरकारी तथा गैरसरकारी स्तरका परियोजनाहरुको तमू समुदायसँग पूर्व स्विकृति लिएर मात्र सञ्चालन गर्ने व्यवस्था संविधानमै हुनुपर्ने ।
- राज्यको सवै अंग र तहहरुमा जातीय जनसंख्याको आधारमा समानुपातिक र समावेशी सहभागीताको ग्यारेन्टी गर्दै तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यमा तमू (गुरुङ) समुदायलाई राजनीतिक अग्राधिकारको सुनिश्चितता हुनुपर्ने ।
- अति हिन्दुवादी शासन व्यवस्थाको आडमा तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यको तमू भाषामा नामाङ्कन गरिएका गाउँ, ठाउँ, डाँडा, पाखाहरुको नाम खसकरण गरिएकोले पुनः तमू भाषामा नै नामाङ्कित गर्न सक्ने अधिकार संविधानमै सुनिश्चित गर्नुपर्ने ।
- हिन्दु धर्मको आडमा बनेका मुलुकी ऐन, सम्पूर्ण कानुनहरु धर्मनिरपेक्षताको मूल्य र मान्यता अनुसार नभएकोले संशोधन तथा परिमार्जन गरी नेपाललाई वास्तविक धर्मनिरपेक्ष मुलुक बनाइनुपर्ने ।
- तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्य अन्तर्गतको भूमि, जल, जङ्गल माथि तमू समुदायको अग्राधिकार संविधानतः कायम रहेको हुनुपर्ने ।

- तमू ह्युल (गुरुङ राज्य)/तमूवान राज्यमा तमूहरुको प्ये ताँ ल्हु ताँ (संस्कार, संस्कृति) मा आधारित विभेदरहित पाठ्याक्रम विकास गरी ऐच्छिक रुपमा प्राथमिक तहदेखि उच्चशिक्षा सम्म मातृभाषामा शिक्षा लिन पाउने मौलिक अधिकारको व्यवस्था संविधानमै हुनुपर्ने ।
- तमू ह्युल (गुरुङ राज्य) तमूवान राज्यमा "स्वशासन भित्र स्वशासन" को नीति अन्तर्गत विभिन्न आदिवासी जनजाति लगायत अन्य जातजातिहरुको अधिकार संविधानतः सुनिश्चित गनुपर्ने ।
- राष्ट्रिय स्वधिनता, अखण्डता र परस्पर जातीय सहिष्णुता कायम राख्दै बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक सामाजिक विविधतालाई आत्मसात गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान हुनु पर्ने ।
- तमू समूदायको आदिम ज्ञान, शिप, परम्परागत प्रथाजन्य कानुन आदिलाई संविधानमै सम्मान गर्नु पर्ने ।
- सदियौंदेखि आदिवासी तमू (गुरुङ) हरुमाथि गरिएका भाषिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक, आर्थिक एवं राजनैतिक विभेदहरुको अन्त गर्दै राज्यले निश्चित समय सम्मको लागि क्षतिपूर्ति स्वरुप विशेष अधिकारको व्यवस्था संविधानमै गर्नु पर्ने ।

**आदरणीय अध्यक्षज्यू तथा प्रतिनिधि साथीहरु,**

अब म हाम्रो संस्थालाई चुस्तदुरुस्त रुपमा संचालन गर्नको लागि निम्न सिद्धान्तहरु र धारणालाई आत्मसात गर्नु अत्यावश्यक देखिएकोले अबका दिनमा यी कुरालाई संस्था भित्र कडाईका साथ लागु गर्नका लागि बुँदागत रुपमा प्रस्तुत गर्दछु । यी कुराहरुलाई हामीले हाम्रो संस्थाको प्रणालीमा व्यावहारिक रुपमा लागु गर्नुपर्दछ ।

**संस्थाको प्रणाली र ढांचा :**

- केन्द्रीय समिति र पार्षदसभा महाधिवेशनको अधिनमा रहनेछ ।
- सम्पूर्ण समिति र सदस्यहरु संगठनको विधानको अधिनमा रहनेछ ।
- संस्थाको नीति र नेतृत्व सम्बन्धी छुट्टाछुटै रुपमा छलफल गर्ने प्रक्रिया स्थापित गर्नुपर्छ ।
- गाउँ/नगर तह, भातृ भगिनी संस्थाहरु जिल्ला तहहरु केन्द्रीय समितिको मातहतमा हुनेछ ।
- अल्पमतको कदर हुनेछ तर अल्पमत बहुमतको अधिनमा रहनेछ ।
- स्वतन्त्रता अनुशासनसित अभिन्नरुपमा जोडिएको हुन्छ ।
- सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको पद्दति अंगिकार गर्नु पर्छ ।
- हरेक संगठनको गोपनियता र अनुशासन कडाइका साथ पालना गर्न आवश्यक छ ।
- विभिन्न तहका समितिहरु आवद्ध संघसंस्थाहरुबीच अन्तर समन्वय र सद्भाव हुनु पर्छ ।
- विधानमा व्यवस्था भए गरिए अनुसारको श्रृंखलाबद्ध समिति प्रणालीको विकास हुनुपर्छ ।
- पूर्णरुपमा केन्द्रीय नियन्त्रणले निरंकुशता र तल्लो तहको पूर्ण स्वतन्त्रताले अराजकता निम्त्याउँदछ । त्यसैले यसबीच समन्वय गर्नुपर्दछ । संगठनात्मक आलोचना र आत्मालोचनाको पद्धतिको विकास गर्न आवश्यक छ ।
- संस्थाको उद्देश्य र हित अनुकुलको नीति निर्माण र नीति अनुसारको प्रकृयागत रुपमा नेतृत्व चयनलाई स्थापित गर्न आवश्यक छ ।

**संस्थाको नेतृत्व सम्बन्धमा :**

झट्ट हेर्दा हाम्रो सस्था तमूहरु मर्दाको मलामी र जिउदाको जन्ति जानको लागि यो संस्था स्थापना भएको जस्तो लाग्छ, त्यस्तै गरि सस्था ऐन २०३४ अन्तर्गत विधिवत रुपमा जिल्ला प्रशासन कार्यलायमा दर्ता भएकोले यो सस्था एक किसिमको मुनाफारहित गैरसरकारी सस्था पनि हो भने हाम्रो हक, हित र अधिकारको विषयमा अन्दोलन गर्ने एक अधिकारमुखी संस्था हो । यसरी हाम्रो संस्था कस्तो संस्था हो भन्ने विषयमा हाम्रो समुदायमा अन्यौलता रहनुलाई अस्वाभाविक मान्न सकिदैन । वास्तवमा हाम्रो संस्था यी तिन वटै चरित्र बोकेको तमूहरुको भाषा, लिपि, धर्म, सस्कार र सस्कृतिको सरक्षण एवम सर्वद्धन गर्ने साथै आफ्नो जातिय हक, हित र अधिकारका लागि लड्ने संस्था हो । हामीसँग हालसम्म जिल्लादेखि केन्द्रिय तहसम्म मुख्य गरिकन तीन किसिमका पृष्टिभुमी, स्वभाव र चरित्रका नेता कार्यकर्ताहरु भएको हामी देख्दछौ ।

- विभिन्न पेशाहरुबाट निवृत्त हुनुभई बस्नुभएका समाजसेवीहरु ।
- विभिन्न राजनैतिक दल वा सामाजिक अन्दोलनबाट आउनुभएका व्यक्तित्वहरु ।
- शैक्षिक योग्यता हासिल गरि प्राध्यापन, विभिन्न गैरसरकारी संस्था आदिहरुमा कार्यरत तमूहरु ।

कुनैवेला यो संस्थामा काम गर्ने नेतृत्वहरुलाई जातिवादी, साम्प्रदायिक, विखण्डनकारी आदि आरोप हाम्रै समुदायका सचेत व्यक्तित्वहरुले समेत गर्ने गर्दथे । त्यतिमात्र नभएर विभिन्न राजनितिक दलमा रहेका वा अन्य राष्ट्रिय जिवनमा महत्व राख्ने ओहोदामा पुग्नुभएका व्यक्तित्वहरुलाई हामीले यस संस्थाप्रति सरसहयोगको याचाना गर्दा यसरी एउटा जातिको मात्र कुरा गर्ने संकिर्ण संस्थामा मात्र काम गरेर हुदैन, हामीले त सवै नेपालीको साझा संस्थामा पो नेतृत्व गर्ने प्रयास गर्नुपर्छ भन्ने जस्ता उपदेशहरु सुन्न बाध्य हुन्थ्यो । यसरी प्रारम्भमा हाम्रो संस्था प्रति सर्वसधारणहरुको मात्रै सकृयता र आकर्षण भएको देखिन्थ्यो । यसको तुलनामा आजभोलि हाम्रो सस्थाप्रति राष्ट्रिय जिवनमा महत्व राख्ने धेरै व्यक्तित्वहरु र राष्ट्रिय राजनितिक पार्टीका व्यक्तित्वहरुले समेत यसप्रति चासो राखेको देखिन्छ, यो निश्चिय नै हाम्रो लागि गौरवको कुरा हो । २०४६ सालको

जनआन्दोलनको सफलतासगै विस्तारै झांगिदै आएको हाम्रो संस्थाले ०६२/६३ को जनआन्दोलनको सफलता पश्चात बनेको अन्तरिम सविधानसम्म आइपुग्दा केही उपलब्धिहरु हासिल गरेको देखिन्छ । आजभोलि विभिन्न राजनितिक दलबाट निर्देशित तमूहरु यो संस्थाको नेतृत्वमा रहने प्रयास गरेको देखिन्छ । यसलाई रोकेर कसरी **पार्टी भन्दा जाति ठुलो अनी जाति भन्दा देशको माटो ठुलो** भन्ने भावना सवै तमूहरुमा जागृत गर्ने यही नै हामी सामु देखिएको सवैभन्दा ठुलो चुनौती हो । हामीले राजनैतिक दलीय प्रभावबाट हाम्रो सस्थालाई बचाउन सकेनौ भने न त हामीले नयाँ बन्ने सविधानमा हाम्रा सवालहरु समावेश गर्न सक्दैनौ साथै स्थापनाकालदेखि नै हामीले लिएका उदेश्यहरु पुरा गर्न सक्दछौ किनकी राजनैतिक पार्टीहरुको अहिलेको मुल उदेश्य हामी जस्ता अधिकारमुखी संघ-सस्थाहरुलाई कमजोर बनाउनु नै रहेको छ । नेपाली राजनीतिमा अस्तित्वमा रहेका दलका नेताहरुप्रतिको जनताको अविश्वास बढ्दै गएको कारणले गर्दा पनि हामीजस्ता अधिकारमुखी संघ-संस्थाप्रति जनताको आकर्षण बढ्दो छ त्यसैलाई कमजोर बनाउन यस किसिमका प्रयासहरु भैरहेका छन जुन चुनौतीलाई सामना गर्नु हाम्रो मुल कर्तव्य हुनेछ ।

सरल हिसावले हेर्दा यो सामाजिक काम हामीले आ-आफ्नो व्यक्तिगत कामबाट केही समय निकालेर यो संस्थालाई दिने हो भन्ने बुझाई हामी केन्द्रिय नेतृत्वमा रहेकाहरुमा समेत छ तर यस किसिमको नेतृत्वले बर्तमानमा समयको माँग अनुसार हाम्रो सस्थालाई अगाडि बढाउन सक्ने संम्भावना छैन् । हाम्रो संस्थामा कोही पनि नेता तथा कार्यकर्ता संस्थाबाटै पालिएका छेनौ, त्यसैले संस्थालाई पुर्णकालिन समय दिन सकेका छैनौ त्यसैले हामीले निश्चिय नै भनेको जस्तो गरि सस्थाको गतिविधिहरु सञ्चालन गर्न सकिरहेका छैनौ । यो तितो याथार्थतालाई आत्मसात् गर्दै पुर्णकालिन समय दिन सक्ने नेता तथा कार्यकर्ताहरु तयार गर्नु बर्तमानमा अत्यावश्यक भैसकेको छ । यस किसिमको जुझारु नेता तथा कार्यकर्ता तयार नभएसम्म समयको माँग अनुसार हामीले हाम्रो संस्थालाई अगाडि बढाउने सक्ने अवस्था रहदैन । यसको निम्ति नयाँ, शिक्षित एवंम सचेत युवाहरुलाई यो संस्थामा जिम्मेवारी नभएसम्म हामीले राज्यबाट अधिकारहरु खोसेर लिन सक्ने अवस्था रहदैन ।

**प्रिय प्रतिनिधीहरु,**

अब म यहाँहरु समक्ष हाम्रो संस्थाका समुदायको भाषा, लिपी र धर्म, संस्कार, संस्कृति सम्बन्धी लिएका महत्वपुर्ण नितिगत विषयहरुमा यहाहरुका सामु संक्षेपमा प्रष्ट्याउने अनुमति चाहन्छु ।

**क) भाषा तथा लिपी सम्बन्धमा :** कुनै पनि जातिको भाषा र लिपि त्यो जातिको पहिचानको प्राण हो । हाम्रो तमू समुदायमा युवा पुस्ताहरुले आफ्नो भाषा दैनिक बोलिचालीमा प्रयोग गरेको अत्यन्तै कम भेटिन्छ भने अभिभावकहरुले पनि आफ्नो जातिय भाषामा भन्दा अन्य भाषाहरुमा दैनिक बोलिचाली गर्न प्रोत्साहित गरेको देखिन्छ । सघींय लोकतन्त्रिक गणतन्त्र नेपालमा समेत एउटै खस भाषालाई मात्रै सरकारी कामकाजी भाषाको मान्यता दिएर विभेदकारी निति अंगीकार गरेको कारणले गर्दा अन्य भाषाभाषीले राज्यमा पहिचान र पहुँचको खोजी गरिरहेको छ । यसबाट सहजै के अनुमान गर्न सकिन्छ भने भाषिक समानता लोकतन्त्रको न्युनतम आधार हो, जुन आधार नेपाली शासकहरुले तयार गर्न लागिरहेको देखिदैन । त्यसको निम्ति हामी आदिवासी जनजातिहरुसँग सरकारलाई आन्दोलनको माध्यमले दवाव दिनु बाहेक कुनै विकल्प देखिदैन ।

हाम्रो समुदायमा बोलिने तमू मातृ भाषाको आफ्नै लिपि हालसम्म पनि यही हो भन्ने किटान हामीले गर्न सकिरहेका छैनौ । २०५२ सालमा तत्कालिन तमू छोंज धींको प्रथम महाधिवेशनमा तमू लिपीको रुपमा खेमा लिपी प्रस्ताव आएको थियो र हाल हाम्रो संस्थाको विधानले रोमन लिपि तमूहरुको माध्यम लिपि र खेमा लिपि प्रस्तावित लिपि हुनेछ भन्ने वैधानिक व्यवस्था गरेको छ । संगसगै हाम्रो समुदायमा तमू मातृभाषालाई खेप्री लिपि र स्यामन लिपिमा पनि प्रयोग गर्न सकिन्छ भनी उक्त लिपिका लिपिकारहरुले दावा गर्नुभएको छ । साथसाथै तमू समुदायमा व्यावाहारिक रुपमा खेमा लिपीलाई देश तथा छिमेकी राष्ट्रमा प्रयोग गरिरहेको अवस्था पनि विद्यमान छ । हाम्रो संस्थाले भाषा, लिपि र साहित्यको विषयमा हरिमाया गुरुङको सयोजकत्वमा एक विभाग गठन गरि यस सम्वन्धि छलफल, बहस, क्रिया अन्तरकृया र अध्ययन अनुसन्धान गर्दै आएको छ यही विभागले नै भाषाविद, लिपिकार, मानवशास्त्री आदिहरुसगको छलफलबाट यस सम्वन्धी अन्तिम निर्क्यौल तयार गरि केन्द्रिय समितिमा सिफारिश गर्नेछ र सोही सिफारिसको आधारमा हामीले संस्थागत धारणा तयार गर्न राम्रो हुनेछ भन्ने ठानेका छौं ।

**ख) धर्म, संस्कार सम्बन्धमा :**

नेपाली शासकहरुले हिन्दु धर्म, संस्कार, संस्कृति र सो मा आधारित चाँडपर्वहरुलाई मात्रै विशेष महत्व दिएर अन्य धर्म, संस्कार, संस्कृति र चाँडपर्वमाथि विभेदकारी व्यवहार गर्दै आएको छ । अन्तरिम सविधानले नेपाललाई धर्मनिरपेक्ष मुलुक घोषणा गरेता पनि हिन्दु धर्मको आडमा बनेका मुलुकी ऐन र कानुनहरु आजसम्म जस्ताको तस्तै लागु छन । नयाँ बन्ने सविधानमा समेत हिन्दुहरुले मन पराउने रातो रंगलाई राष्ट्रिय रंग, दशै र तिहारलाई राष्ट्रिय चाडपर्व, गाईलाई राष्ट्रिय जनावर, चन्द्र सुर्य अंकित झण्डालाई नै पुन राष्ट्रिय झण्डा राख्ने प्रस्ताव विभिन्न विषयगत समितिहरु मार्फत गर्न लागिरहेको देखिन्छ । यस किसिमको नीतिले गर्दा बर्तमानमा नेपाल धर्म, सस्कार र सस्कृतिको दृष्टिकोणमा विभेदकारी त छदैछ भने नेपाली जनताको प्रतिनिधिहरुले पहिलो चोटी लेख्ने सविधानमा समेत विभेदको पुर्ण अन्त्य हुने अवस्था देखिदैन । हाम्रो समुदायमा प्हच्यु, क्याब्री र लम गरि तीन वटा पुरोहित खेगीहरुले तमूहरुको संस्कार, संस्कृति वा प्ये ताँ ल्हु ताँ बोकेको देखिन्छ । हामीमा कुन परम्परा, संस्कार र संस्कृति हाम्रो हो वा

राम्रो हो भन्नेमा एकमत भएको देखिदैन । यसरी हेर्दा पुरातनबाद र संसोधनबादको विचमा हामी अलमलिरहेका छौ कि जस्तो अनुभुति हुन्छ । हामीले व्यक्तिगत रुपमा जुनकुनै धर्ममा आस्था राख्ने भएता पनि आफ्नो मुल संस्कार र संस्कृतिलाई कहिल्यै भुल्नु हुदैन किनभने यसैमा हाम्रो अस्तित्व र पहिचान लुकेको छ ।

**अध्यक्ष महोदय,**

देशको विषम परिस्थितिमा राष्ट्रिय आवश्यकता र तमूहरुको चाहना बमोजिम तत्कालीन अवस्थामा समानान्तर रुपमा क्रियाशिल २ राष्ट्रिय स्तरका संस्थाहरु गुरुङ राष्ट्रिय परिषद र तमू छोंज धींको इतिहासलाई तमू ह्युल छोंज धीं (गुरुङ राष्ट्रिय परिषद)मा समाहित गरी यही २०६५ चैत्र १५-१८ गतेसम्म चितवनमा सम्पन्न ऐतिहासिक प्रथम तमू एकता राष्ट्रिय महाधिवेशनले सुम्पेका महत्वपूर्ण जिम्मेवारीहरु पूरा गर्ने दौरानमा हामीले गरेका यस दोस्रो ऐतिहासिक महाधिवेशनसम्म आईपुग्दा भएका महत्वपूर्ण गतिविधिहरुलाई संक्षेपमा म यहाँहरुको सामु राख्ने अनुमति चाहन्छु । धैरेजसो गतिविधिहरु यस अघि सम्पन्न पार्षद सभाहरुमा प्रस्तुत गरिसकेको हुनाले मुख्य मुख्य बुँदाहरु मात्र प्रस्तुत गरेको छु ।

**१. बैठक सम्बन्धी विबरण :**

| क.स. | विवरण | संख्या |
|---|---|---|
| ०१ | पार्षद सभा बैठक | ३ |
| ०२ | समितिको कुल पुर्ण बैठक (नियमित) | १५ |
| ०३ | विशेष बैठक | २ |
| ०४ | सचिवालय बैठक | १५ |
| ०५ | अनौपोचारिक बैठक | २९ |

**२. भाषा कक्षा प्रशिक्षण/अनुगमन :**

| क्र.स. | विवरण | कति ठाउँ | भाषा कक्षा संचालन जिल्ला |
|---|---|---|---|
| ०१ | वर्ष २०६६ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा | १४ | ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, सुर्खेत, बांके, दाङ, प्युठान, धादिङ |
| ०२ | वर्ष २०६७ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा | १० | धादिङ, बर्दिया, कन्चनपुर, रोल्पा, रसुवा, नुवाकोट, तेह्रथुम, ओखलढुङ्गा |
| ०३ | वर्ष २०६८ मा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा | १० | भोजपुर, इलाम, पाँचथर, मकवानपुर, म्याग्दी, चितवन, रोल्पा, काठमाण्डौं, ओखलढुङ्गा, ताप्लेजुङ |

**३. कार्यक्रम/तालिम/अर्न्तक्रियाा/प्रशिक्षण :**

| **क्र.स.** | **कार्यक्रम विवरण** | **कार्यक्रम मिति, अवधी र स्थान** | **सहयोगी संस्था** |
|---|---|---|---|
| ०१ | समावेशी संविधानको लागि संवाद अभिवृद्धि परियोजना अन्तर्गत अल्पसंख्यक र सिमान्तकृत समुदायको सन्दर्भमा **"नयाँ संविधानबारे अन्तर-सम्वाद अभिवृद्धि र संयन्त्र निर्माण"** विषयक क्षेत्रीय स्तरको कार्यशाला गोष्ठी | फागुन १८-१९, २०६९ २दिन पोखरा | जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च NCARD |
| ०२ | **"नयाँ संविधानबारे अन्तर सम्वाद अभिबृद्धि र संयन्त्र निर्माण"** विषयक क्षेत्रिय स्तरको दुई दिवसीय कार्यशाला गोष्ठी | फागुन २०-२१, २०६९ २ दिन पोखरा | जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्चले समावेशी संविधानको लागि संवाद अभिवृद्धि परियोजना |
| ०३ | **"संघीयता र तमूवान"** विषयक अन्तरकृया कार्यक्रम | भाद्र २, २०६७ दमौली, तनहु | जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च NCARD |
| ०४ | **संघीयता संवाद : तमूवान** विषयक तीन दिवसीय वृहत अन्तरकृया कार्यक्रम | पौष ११-१३ २०६७, पोखरा | UNDP |

**४. जिल्ला समिति गठन : ५४ जिल्ला समिति**

| क्र.सं. | जिल्लाको नाम र अधिवेशन | सम्पन्न मिति | कार्यसमितिको नाम : |
|---|---|---|---|
| ०१ | तेस्रो पाँचथर जिल्ला अधिवेशन | २०६६ बैशाख २४ गते | गोपाल तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०२ | दोस्रो प्युठान जिल्ला अधिवेशन | २०६६ भाद्र २१ गते | गीरबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०३ | प्रथम सिन्धुली जिल्ला भेला | २०६६ कार्तिक १३ गते | लक्ष्मी तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०४ | प्रथम उदयपुर जिल्ला भेला | २०६६ कार्तिक १४ गते | चक्र ब.(अर्जुन)तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०५ | प्रथम सर्लाही जिल्ला भेला | २०६६ कार्तिक १६ गते | एकबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०६ | छैटौं चितवन जिल्ला अधिवेशन | २०६६ मंसीर २७ गते | कर्णबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०७ | तेस्रो मकवानपुर जिल्ला अधिवेशन | २०६६ पौष ४ गते | बबरसिंह तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०८ | तेस्रो दैलेख जिल्ला अधिवेशन | २०६६ पौष १६ गते | रामकृष्ण तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ०९ | दोस्रो रसुवा जिल्ला अधिवेशन | २०६६ माघ १६ गते | आशाकाजी तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १० | प्रथम दाङ जिल्ला अधिवेशन | २०६६ माघ १६ गते | ओम तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ११ | प्रथम बाग्लुङ जिल्ला अधिवेशन | २०६६ फागुन १३ गते | बमबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १२ | पाँचौ लम्जुङ जिल्ला अधिवेशन | २०६६ फागुन २२ र २३ गते | प्रेम घले तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १३ | छैटौ बर्दिया जिल्ला अधिवेशन | २०६७ बैशाख १० गते | मेघबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १४ | प्रथम ओखलढुङ्गा जिल्ला भेला | २०६७ भाद्र १५ गते | थमनसिंह तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १५ | प्रथम पर्सा जिल्ला भेला | २०६७ भाद्र १६ गते | देविकारानी तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १६ | आठौ रुपन्देही जिल्ला अधिवेशन | २०६७ मंसीर ३ र ४ गते | चन्द्रबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १७ | प्रथम नुवाकोट जिल्ला अधिवेशन | २०६७ पौष २३ गते | धर्मबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १८ | प्रथम रोल्पा जिल्ला भेला | २०६७ चैत्र ४ गते | हिरा घले तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| १९ | प्रथम नवलपरासी जिल्ला अधिवेशन | २०६७ चैत्र ... गते | रुद्रबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २० | प्रथम ललितपूर जिल्ला अधिवेशन | २०६८ साउन १४ गते | कौशीला तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २१ | प्रथम पर्वत जिल्ला भेला | २०६८ भाद्र २० गते | दमबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २२ | प्रथम मोरङ जिल्ला अधिवेशन | २०६८ भाद्र ३१ गते | कृष्णराज तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २३ | प्रथम म्याग्दी जिल्ला अधिवेशन | २०६८ असोज २ गते | देवबहादुर घले तमूको अध्यक्षतामा १५ सदस्यीय। |
| २४ | प्रथम ताप्लेजुङ जिल्ला अधिवेशन | २०६८ मंसिर १५ र १६ गते | तीलबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २५ | प्रथम रौतहट जिल्ला अधिवेशन | २०६८ पौष २८ गते | लालबहादुर घलेतमूको अध्यक्षतामा १५ सदस्यीय। |
| २६ | प्रथम अर्घाखाँची जिल्ला अधिवेशन | २०६८ फागुन ३ गते | डेमवहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २७ | प्रथम खोटाङ जिल्ला अधिवेशन | २०६८ फागुन १४ र १५ गते | हिराबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २८ | प्रथम तेह्रथुम जिल्ला अधिवेशन | २०६८ फागुन १९ र २० गते | केवलमान तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| २९ | प्रथम तनहुँ जिल्ला अधिवेशन | २०६८ फागुन २७ र २८ गते | सु.धनबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ३० | प्रथम रुकुम जिल्ला भेला | २०६८ चैत्र २२ गते | दिनेश तमूको अध्यक्षतामा ११ सदस्यीय । |
| ३१ | तेस्रो धादिङ जिल्ला अधिवेशन | २०६९ बैशाख १ र २ गते | केबी तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ३२ | प्रथम रामेछाप जिल्ला अधिवेशन | २०६९ बैशाख १० गते | ज्ञानबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ३३ | दोस्रो सुनसरी जिल्ला अधिवेशन | २०६९ असोज १३ गते | कर्णबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ३४ | प्रथम भोजपुरजिल्ला अधिवेशन | २०६९ असोज २४ र २५ गते | डम्बरबहादुर घलेको अध्यक्षतामा १५ सदस्यीय । |
| ३५ | प्रथम धनकुटाजिल्ला अधिवेशन | २०६९ असोज २७ गते | ज्ञानबहादुर तमूको अध्यक्षतामा १५ सदस्यीय । |
| ३६ | प्रथम कास्की जिल्ला अधिवेशन | २०६९ मंसीर ३०, पौष १ गते | दलबहादुर तमूको अध्यक्षतामा १७ सदस्यीय । |

कतिपय जिल्लाको अधिवेशन वा भेलाको रेकर्ड व्यवस्थित गर्न नसकेकोमा पछि थप गर्ने यहाँमा अनुरोध छ ।

५. <u>प्रकाशन</u> :

- सह-प्राध्यापक नारायण ल्हेगे गुरुङद्धारा लिखित **तमू जातिको चिनारी** नामक पुस्तक आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा २०६८ चैत्र महिनामा हाम्रो संस्थाले प्रकाशित गरेको छ ।
- सुश्री सानुमाया गुरुङ-लमजुङको आर्थिक सहयोगमा सम्पुर्ण जिल्ला कार्यसमिति, संघ संस्था, केन्द्रीय कार्यसमिति लगायत सम्पुर्ण तमूहरुको सम्पर्क नम्वर रहेको **तमू टेलिफोन डायरी-२०६९** प्रकाशित भएको छ ।
- संस्थाको केन्द्रिय मुखपत्र **तमू ह्युल सुँ ताँ** २ अङ्क प्रकाशित गरिएको छ ।
- तमू केन्द्रिय कार्यालय तथा संग्रहालय भवनको प्रथम सहयोगदाता नामावली पुस्तिका प्रकाशन गरिएको छ भने दोस्रो सहयोगदाता नामावली प्रकाशोन्मुख रहेको छ ।
- आर्थिक विनियम, कर्मचारी विनियम सहितको तेस्रो **केन्द्रिय पार्षदसभाको प्रतिवेदन** पुस्तिका प्रकाशन गरिएको छ ।

६. <u>अक्षयकोष स्थापना</u> :

- पुर्व सभापति स्व.रेमवहादुर गुरुङको स्मृतिमा वहाँको परिवारवाट रु २,०२,५००/- (दुई लाख दुई हजार पाँच सय) को अक्षयकोष स्थापना गर्नु भएको छ ।
- वरिष्ठ उपाध्यक्ष विनोद गुरुङज्यूले वहाँको वुवा स्व. प्रेम गुरुङको स्मृतिमा रु १,२५,०००/-(एक लाख पच्चिस हजार) को स्थापना गर्नु भएको छ ।
- संरक्षक अध्यक्ष शेरवहादुर गुरुङज्यूले वहाँको वुवा मुमाको संझनामा नौली जितवहादुर अक्षयकोष रु १,५०,०००/- ( एक लाख पचास हजार)को स्थापना गर्नु भएको छ ।

१२. <u>पदमुक्ति तथा जिम्मेवारी</u> :

- कोषाध्यक्ष आनन्द घलेले संस्थाको कोषाध्यक्षको पदमा रहेतापनि निरन्तर वैठकमा अनुपस्थित भएकोले विधानअनुसार बिदा दिई सहकोषाध्यक्ष गोलमान तमूलाई कोषाध्यक्षमा मनोनयन गरिएको छ ।
- मध्यक्षेत्रीय प्रमुख ललितमान तमू निरन्तर अनुपस्थित हुनु भएकोले विधान अनुसार पदमुक्त गरि क्षेत्रीय सचिव श्री ज्ञानबहादुर तमुलाई क्षेत्रीय प्रमुखमा मनोनयन गरिएएको छ ।
- पुर्वाञ्चल क्षेत्रीय प्रमुख कृष्णराज तमूले राजिनामा दिनुभएकोले स्विकृत गरि केन्द्रिय सदस्य भरतबहादुर तमूलाई क्षेत्रीय प्रमुखमा मनोनयन गरिएको छ ।

**अन्य गतिविधीहरु :**

- २०६६ जेष्ठ १ देखि १० गते सम्म तमूहरुको ऐतिहासिक थलो क्होल सों प्रें ट्हो (क्होल सोंथर) को एक प्रारम्भिक सर्वेक्षण अध्ययन राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक सहयोगमा सल्लाहकार तथा प्राज्ञ डा. जगमान तमूको नेतृत्व र महासचिव रेशम तमूको संयोजनमा सम्पन्न भयो ।
- २०६६ जेष्ठ ५ गते हाम्रो संस्थाको भ्पण्डा संखुवासभा तमू समाज सेवा समितिको अध्यक्ष टीकाराम तमूले संसारको सर्वोच्च शिखर सगरमाथामा फरफराउनु भयो । जसमा काठमाडौं उपत्यका प्रमुख क्या.गणेशबहादुर तमूको नेतृत्वमा अर्थ संकलन अभियान सम्पन्न गरेको थियो ।
- २०६६ जेष्ठ ३० गते केन्द्रिय कार्यालयमा सम्पन्न केन्द्रीय समितिको दोस्रो बैठकको निर्णयानुसार ले.यमबहादुर तमूको संयोजकत्वमा तमूवान संयुक्त संघर्ष समिति गठन भएको छ । उक्त संघर्ष समितिको आयोजनामा २०६६ भाद्र २५ गते तमूवान भेला केन्द्रीय अध्यक्ष प्रा. डा. गणेशमान तमूको प्रमुख आतिथ्यमा एनेकपा माओवादी, नेका, नेकपा (एमाले), नेकपा ( एकिकृत) राप्रपा लागयतका राजनैतिक दलको भातृ संस्थाको रुपमा रहेका तमू संघ संस्थाका प्रतिनिधिहरुको समेत उपस्थितिमा सम्पन्न गरेको थियो ।
- २०६६ असार १८ गते नेपालगंजस्थित बौद्ध गुम्बाको सभाकक्षामा मध्यपश्चिमाञ्चल क्षेत्रिय स्तरको एकता सन्देशसभा उक्त क्षेत्रको प्रमुख मानबहादुर तमूको अध्यक्षता र शोभा तमूको संचालनमा सम्पन्न भयो । जसमा केन्द्रीय अध्यक्ष प्रा.डा.गणेशमान तमू प्रमुख अतिथि हुनुहुन्थ्यो ।
- २०६६ भाद्र १३ गते काठमाडौंमा रहेका सम्पूर्ण तमू संघसंस्थाहरुको सक्रिय सहभागीतामा केन्द्रीय कार्यालय तथा तमू संग्रहालय भवन सहयोगार्थ **"बृहत तमू साँस्कृतिक कार्यक्रम-२०६६"** वरिष्ठ उपाध्यक्ष डि.वि.तमूको संयोजकत्वमा सम्पन्न भयो ।
- २०६६ असोज २४ गते वेशिशहर लमजुङमा सम्पन्न केन्द्रिय समितिको बैठकको निर्णयानुसार राज्यको पुनःर्संरचनाभित्र तमू ह्युल (गुरुङ राज्य)/तमूवानको स्वरुप, स्थिति र चुनौति नामक कार्यपत्र अध्यक्ष प्रा.डा.गणेशमान तमूबाट प्रस्तुत भएकोमा उक्त कार्यपत्रलाई संस्थाको आधिकारिक दस्तावेजको रुपमा पास गरियो । यसैको आधारमा हामी आजसम्म तमूवान सम्बन्धी छलफल र बहसलाई अगाडि बढाउदै आइरहेका छौं ।
- २०६६ असोज २५ देखि २७ गते सम्म लमजुङको वेशिशहरमा जिल्ला कार्यसमिति लमजुङको आयोजनामा ३ दिवसीय **तमू नाल सभा** जिल्ला अध्यक्ष प्रेम घलेको अध्यक्षता र केन्द्रीय अध्यक्ष प्रा.डा.गणेशमान तमूको प्रमुख आतिथ्यमा २१ बुँदे लमजुङ घोषणापत्र जारी गर्दै सम्पन्न भयो ।
- तमू ल्होछार २०६६ को उपलक्ष्यमा आयोजित रुम्जाटार महोत्सवकै सन्दर्भमा काठमाडौंमा रहेका तमू संघसंस्थाहरुको नाममा ओखलढुंगाको रुम्जाटारमा केन्द्रीय अध्यक्ष प्रा. डा. गणेशमान तमूले बृहत उद्यानको शिलन्यास गर्नुभयो ।

- २०६७ असोज २ गते हाम्रो संस्थाको केन्द्रीय कार्यालय तथा तमू संग्राहलय भवन निर्माण सहयोगार्थ **बृहत सांस्कृतिक साँझ-२०६७** काठमाण्डौं उपत्यका प्रमुख क्या.गणेशवहादुर गुरुङज्यूको नेतृत्वमा राजधानीमा सम्पन्न भएको थियो ।
- आदिवासी जनजाति सयुक्त सघर्ष समितिको आयोजनामा काठमाडौमा भएको विभिन्न आन्दोलनका कार्यक्रमहरुमा बरिष्ठ उपाध्यक्ष विनोद गुरुङको नेतृत्वमा सक्रृयतापुर्वक हाम्रो संस्थाको उपस्थिति रहेको थियो । २०६७ पौष २१ गते लमजुङ जिल्लाको वेशीसहरमा तमूवान स्वायत्त प्रदेशमा तमूहरुको औचित्य, अधिकार र अवसर सम्वन्ध अन्तरकृया कार्यक्रम जिल्ला समिति लमजुङको आयोजनामा सम्पन्न भएको थियो ।
- २०६७ चैत्र १८ गते गत बर्षको तमू एकता दिवस काठमाडौमा धर्म, संस्कार तथा संस्कृति विभागका विभागीय प्रमुख धनमान गुरुङको अध्यक्षता र केन्द्रिय अध्यक्ष प्रा डा गणेशमान गुरुङज्यु को प्रमुख आतिथ्यता सह-प्राध्यापक नारायाण ल्हगे गुरुङद्धारा लिखित तमूहरुको इथ्नोग्राफिक फ्रोफाइलबारे एक अन्तरकृया कार्यक्रम केन्द्रिय कार्यालय मित्रनगरमा सम्पन्न भएको थियो ।
- २०६८ वैशाख ११ र १२ गते पुर्वाञ्चलको धरानमा पुर्वाञ्चलको १२ वटा जिल्लाका ५,५ जना तमू नेतृत्वहरुको सक्रिय सहभागितामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम राष्ट्रिय जनगणना, संगठनको नीति तथा कार्यक्रम, जलवायु परिवर्तन, निजामती कर्मचारी क्षेत्रमा हाम्रो उपस्थिति, शान्ति सुरक्षा र हाम्रो चासो आदी विषयहरुमा केन्द्रीय अध्यक्ष प्रा.डा.गणेशमान गुरुङ, सल्लाहकार पुर्व आइजीपी हेमवहादुर गुरुङ, महासचिव रेशम गुरुङ र प्रचार प्रसार सचिव धनमान गुरुङले २ दिनसम्म प्रशिक्षण दिनु भएका् थियो ।
- २०६८ वैशाख २० र २१ गते नेपालगंज वाँकेमा मध्य र सुदुर पश्चिमाञ्चलको १० वटा जिल्लाका ५,५ जना तमू नेतृत्वहरुको सक्रिय सहभागितामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम राष्ट्रिय जनगणना, संगठनको नीति तथा कार्यक्रम, जलवायु परिवर्तन, निजामती कर्मचारी क्षेत्रमा हाम्रो उपस्थिति, शान्ति सुरक्षा र हाम्रो चासो आदी विषयहरुमा केन्द्रीय सल्लाहकार पुर्व आइजीपी हेमवहादुर गुरुङ, महासचिव रेशम गुरुङ र प्रचार प्रसार सचिव धनमान गुरुङले २ दिनसम्म प्रशिक्षण दिनु भएका् थियो ।
- २०६८ वैशाख २६ र २७ गते वुटवल,रुपन्देहीमा पश्चिमाञ्चलको १३ वटा जिल्लाका ५,५ जना तमू नेतृत्वहरुको सक्रिय सहभागितामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम राष्ट्रिय जनगणना, संगठनको नीति तथा कार्यक्रम, जलवायु परिवर्तन, निजामती कर्मचारी क्षेत्रमा हाम्रो उपस्थिति, शान्ति सुरक्षा र हाम्रो चासो आदी विषयहरुमा केन्द्रीय सल्लाहकार पुर्व आइजीपी हेमवहादुर गुरुङ, महासचिव रेशम गुरुङ र प्रचार प्रसार सचिव धनमान गुरुङले २ दिनसम्म प्रशिक्षण दिनु भएको थियो ।
- २०६८ वैशाख ३१ गते सयुक्त तमू युवा एकता समितिको आयोजनामा **तमू एकता चुनौती र संभावना** विषयक अन्तरकृया कार्यक्रम कास्की जिल्लाको पोखरामा सु सम्पन्न भयो । उक्त कार्यक्रम सयुक्त तमू युवा एकता समितिको अध्यक्ष हुम गुरुङ अध्यक्षता तथा तमू ह्युल छोँज धीँ महासचिव रेशम गुरङ, तमू धीँ नेपालका महासचिव देवीराज गुरुङ आदिले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।
- २०६८ जेठ ११ गते तुमवान सयुक्त सघर्ष समितिका सयोजक लप्टेन यमबहादुर गुरुङको नेतृत्व र बरिष्ठ उपाध्यक्ष विनोद गुरुङको विशेष पहल कदमीमा आदिवासी जनजाति सयुक्त सघर्ष समितिले आयोजना गरेको संविधानसभा घेराउ कार्यक्रममा हजारौ तमूहरुको सक्रियतापुर्वक सहभगिता रहेको थियो ।
- ०६८ जेठ २७ र २८ गते मित्रनगर काठमाण्डौंमा मध्माञ्चलको १५ वटा जिल्लाका ५, ५ जना तमू नेतृत्वहरुको सक्रिय सहभागितामा प्रशिक्षक प्रशिक्षण कार्यक्रम राष्ट्रिय जनगणना, संगठनको नीति तथा कार्यक्रम, जलवायु परिवर्तन, निजामती कर्मचारी क्षेत्रमा हाम्रो उपस्थिति, शान्ति सुरक्षा र हाम्रो चासो आदी विषयहरुमा केन्द्रीय अध्यक्ष प्रा.डा.गणेशमान गुरुङ, सल्लाहकार पुर्व आइजीपी हेमवहादुर गुरुङ, डा.भरत पोखेल, डा.गेहेन्द्र गुरुङ, महासचिव रेशम गुरुङ र प्रचार-प्रसार सचिव धनमान गुरुङले २ दिनसम्म प्रशिक्षण दिनु भएको थियो ।
- २०६८ असोज १२ गते तमूवान सयुक्त सघर्ष समितिको आयोजनामा एकदिवसीय अन्तरकृया कार्यक्रम पोखराको तमू प्ये ल्हु संघको केन्द्रिय कार्यालयमा प्रस्तावित तमुवान प्रदेश अन्तर्गतका आठ जिल्लाका तमू नेतृत्वहरुको सहभगिता, सघर्ष समितिको संयोजक लेप्टेन यमबहादुर गुरुङको अध्यक्षता र का.वा. अध्यक्ष कुम्भराज गुरुङको प्रमुख अतिथ्यतामा सम्पन्न भएको थियो ।
- "**जातीय पहिचानसहितको संघीयता हामी सबैको चाहना ! तमूवानमा आदिवासी जनजाति बृहत सम्मेलन सफलताको कामना !!**" भन्ने मुलनाराका साथ तमुवानमा आदिवासी जनजातिहरुको आत्मनिर्णयको अधिकार, स्वशासन र स्वायत्तताको अभ्यास सम्बन्धी बृहत सम्मेलन २०६९ बैशाख १७, १८ र १९ गते पोखरा, तमुवान, तमू ह्युल छोंज धीं (गुरुङ राष्ट्रिय परिषद)को संयोजनमा भव्यताका साथ सम्पन्न भएको थियो ।
- आदिवासी जनजाति संयुक्त सघर्ष समितिको आब्हानमा २०६९ जेठ ७, ८ र ९ गतेको नेपालवन्दमा हाम्रो संस्थाको सक्रियतामा काठमाण्डौंमा वालाजुदेखि महाराजगंजसम्मको एरियामा र सम्पुर्ण जिल्ला कार्यसमितिहरुले आ-आफ्नो क्षेत्रमा सक्रिय रहेको थियो । २०६९ जेठ ९ गते नेपाल सरकारसगँ आदिवासी जनजाति संयुक्त सघर्ष समितिले भएको वार्तामा हाम्रो संस्थाको तर्फवाट का.वा. अध्यक्ष कुम्मराज गुरुङ सहभागि हुनुहुन्थ्यो ।
- मिति २०६७ जेष्ठ २५ गते देखि असार ३ गतेसम्म पुर्वाञ्चलको ताप्लेजुङ, इलाम, पाँचथर, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम र संखुवासभामा तमू भाषा कक्षा अनुगमन तथा जिल्ला स्तरिय भेटघाट कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरि असार ३० मा सुखेत, श्रावण १ गते बाँके, श्रावण २ मा दाङ, श्रावण २६ मा धादिङमा जिल्ला भेटघाट कार्यक्रम सम्पन्न भएको थियो ।

- मिति २०६७ माघ १४ गते धादिङमा र फागुन २९ देखि चैत्र १५ गतेसम्म बीचमा सुखेत, दैलेख, बाँके, बर्दिया, कन्चनपुर, दाङ, रोल्पा, प्युठान रुपन्देही, रसुवा र नुवाकोटमा जिल्ला स्तरिय भेटघाट कार्यक्रम सम्पन्न भएको थियो ।

**परियोजनासंग सम्बन्धित कार्यक्रमहरु :**

- २०६६ माघ १८ गते देखि ३३ महिनाका लागि युरोपियन युनियनको आर्थिक सहयोगमा नेपालका आदिवासी जनजातिहरुको आत्मसम्मान र विकासका लागि साँस्कृतिक विविधता प्रवर्द्धन परियोजना अन्तर्गत गाविसदेखि केन्द्रिय स्तरसम्म अन्तरकृया, छलफल र सम्वादका माध्यमबाट तमू समुदायमा तमू संस्कार, संस्कृतिको संरक्षण तथा सम्बर्द्धन सम्बन्धी संचेतना जागरुक हुनेछ भन्ने आशा सहित गोरखा, लमजुङ र कास्कीको ३० वटा गाविसहरुमा केन्द्रित भई तमू साँस्कृतिक संचेतना कार्यक्रम लागू भएको छ ।
- २०६७ असार १४ गते पोखरामा नेपालका आदिवासी जनजातिहरुको आत्मसम्मान र सांस्कृतिक विविधता प्रवर्द्धन परियोजनाको पहलमा एक दिवसीय जिल्लास्तरीय तमू समूदायको सांस्कृतिक विविधता सम्बन्धी सम्वाद कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको अन्तमा तमू समुदायको भाषिक, सामाजिक, साँस्कृतिक मुद्दाहरु तथा परम्परागत प्रथाहरुलाई नयाँ बन्ने सविधानमा सुनिश्चित गर्ने भन्ने विषयमा केन्द्रित उक्त कार्यक्रमबाट १८ बुंदे घोषणापत्र पनि जारी भयो ।
- २०६७ श्रावण १९ गते ऐतिहासिक तमू संग्रहालय, बेसीशहर-२ लमजुङ्गमा नेपालका आदिवासी जनजातिहरुको आत्मसम्मान र सांस्कृतिक विविधता प्रवर्द्धन परियोजनाको पहलमा एक दिवसीय जिल्लास्तरीय तमू समुदायको सांस्कृतिक विविधता सम्बन्धी सम्वाद कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको अन्तमा तमू समुदायको भाषिक, सामाजिक, साँस्कृतिक मुद्दाहरु तथा परम्परागत प्रथाहरुलाई नयाँ बन्ने सविधानमा सुनिश्चित गर्ने भन्ने विषयमा केन्द्रित उक्त कार्यक्रमबाट १९ बुंदे घोषणापत्र पनि जारी गरियो ।
- २०६७ श्रावण २८ गते गोरखामा पनि परियोजनाको पहलमा एक दिवसीय जिल्लास्तरीय सम्वाद कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रम तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदका संरक्षक सदस्य तथा नेपाल आदिवासी जनजाति महासंघ गोरखा जिल्ला समन्वय समितिका अध्यक्ष क्या.एकबहादुर तमूको अध्यक्षता र तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषदका केन्द्रीय सचिवालय सदस्य तथा काठमाण्डौ उपत्यका सचिव पृथ्वीमान तमूको प्रमुख आतिथ्यमा सम्पन्न भयो । सो कार्यक्रममा नेपाल तमू राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय महासचिव लालबहादुर तमूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको अन्तमा तमू समुदायको भाषिक, सामाजिक, साँस्कृतिक मुद्दाहरु तथा परम्परागत प्रथाहरुलाई नयाँ बन्ने सविधानमा सुनिश्चित गर्ने भन्ने विषयमा केन्द्रित उक्त कार्यक्रमबाट १७ बुंदे घोषणापत्र पनि जारी गरियो ।
- लमजुङ, गोरखा र कास्कीका ९ जना सहभागीहरुले २०६७/११/२५ देखि २०६७/१२/०९ गते सम्म १५ दिने तालिम EU परियोजनाको सहयोगमा लिईसकेपछि लोक नाट्य सांस्कृतिक समूहद्धारा कार्यक्रम सञ्चालन भएका ३० वटा गाविसहरुमा परम्परागत, प्रकृति र जीवनसंग संबन्धित मौलिक लोकभाका, नृत्य, संगीत र नृत्यहरु २०६७/१२/२२ देखि २०६८/०२/१६ गतेसम्म सफलतापुर्वक प्रस्तुत गरियो ।
- परियोजनाको कार्यक्रम लमजुङ, गोरखा र कास्कीका ३० वटा गाविसहरुमा मिति २०६८/०२/१६ देखि २०६८/०३/१३ गते सम्म तमू ह्युल छोंज धिं गुरुङ राष्ट्रिय परिषदले सांस्कृतिक विविधता प्रवर्द्धन तथा सांस्कृतिक आदनप्रदानका लागि सम्वाद कार्यक्रम सम्पन्न गऱ्यो । त्यसपछि मिति २०६८/०३/२५, २७ र २९ गते ३ वटा जिल्लास्तरीय सम्वाद कार्यक्रम आयोजना गरी हाम्रो संस्कृति, सांस्कृतिक अधिकार, सांस्कृतिक सहसंबन्धको महत्वबारे समुदायलाई सचेत बनाउन, सांस्कृतिक विविधता प्रवर्द्धन गर्न, अन्य संस्कृतिको सम्मान, स्थानीय संस्कृतिको जगेर्णा गर्न र नयाँ बन्ने संविधानमा सांस्कृतिक अधिकार सुनिश्चित गर्न जिल्लास्तरीय सम्वाद कार्यक्रम गरी जिल्ला स्तरीय घोषणा-पत्र पनि जारी गऱ्यो ।
- परियोजनाको कार्यक्रम लमजुङ, गोरखा र कास्कीका ३ वटा विद्यालयहरुमा शिक्षामा सृजना अन्तरगत शिक्षा र संस्कृतिबीच सम्बन्ध स्थापना गर्न सांस्कृतिक क्लव गठन गरी उनीहरु मध्ये ९ जना वालबालिकाहरुलाई मिति २०६८/०२/२७ देखि २०६८/०३/०२ गते सम्म ७ दिने परम्परागत संगीत, अभिनय र सांस्कृतिक सृजना तालिममा सहभागी भएपछि आ-आफ्ना विद्यालयमा यसपछि अनौपचारिक कक्षा संचालन, सास्कृतिक क्रियाकलाप, अवलोकन भ्रमण आदि संचालन गर्नेछन् ।
- परियोजना शुरु भएको मिति फेब्रुवरी २०१० देखि हालसम्म लमजुङ, गोरखा र कास्कीका ३० वटा गाविसहरुमा नियमितरुपमा हरेक २/२ महिनामा सांस्कृतिक विविधता संरक्षण र प्रवर्द्धनका लागि सचेत सांस्कृतिक प्रवर्द्धन समूहको वैठक बसी स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन, सांस्कृतिक आधिकारबारे सचेतना सम्बन्धी जनसहभागिमूलक अभियानहरु संचालन गरियो । सोही अनुरुप शुरु देखि हालसम्म जिल्ला सांस्कृतिक प्रवर्द्धन समूहको त्रैमासिक वैठक पनि नियमित रुपमा बसी कार्यक्रम सञ्चालन गरिरहेको छ ।
- परियोजना कार्यक्रम सञ्चालन भएका जिल्लाहरुका ४० जना सहभागीहरुलाई संस्कृति र परम्परामा आधारित उद्यम/व्यवसाय विकासका लागि तमू समुदायको मौलिक कला, संस्कृति र परम्परामा आधारित राडीपाखी बुनाई सीप अभिबृद्धि २५ दिने तालिम २०६८/०४/१५ देखि २०६८/०५/०७ गते सम्म लमजुङमा सफलतापुर्वक संचालन गरियो ।
- परियोजना कार्यक्रम सञ्चालन भएका जिल्लाहरुबाट ८ जना तमू नेतृत्वमा रहेका सहभागीहरुले २०६८/०५/१९ देखि २३ गतेसम्म सञ्चालित आदिवासी जनजाति तमू संघसंस्थाहरुका लागि संस्थागत विकास तथा व्यवस्थापकीय क्षमता अभिबृद्धि ५ दिने आवाशीय तालिम सम्पन्न भयो ।

- परियोजना कार्यक्रम अर्न्तगत शुरु भएको मिति फेब्रुवरी २०१० देखि हालसम्म लमजुङ, गोरखा र कास्कीका ३० वटा गाविसहरुमा नियमित रुपमा हरेक २/२ महिनामा सांस्कृतिक विविधता संरक्षण र प्रवर्द्धनका लागि सांस्कृतिक प्रवर्द्धन समूहको वैठक बसी स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन, सांस्कृतिक आधिकारबारे सचेतना सम्बन्धी जनसहभागिमूलक अभियानहरु संचालन गरिदै आएको छ । ती ३ जिल्लाहरुमा जम्मा ४५० वटा द्वैमासिक वैठक नियमित रुपमा सञ्चालन र यस अवधिमा कूल २५,९८९ (१०८०३ महिला) सदश्यहरु १५ पटक सम्म सहभागी भएका छन् । हाल यी समूहहरु तमू ह्युल छोंज धि गुरुङ राष्ट्रिय परिषदको गाविस इकाईको रुपमा सकृय भई कार्यरत छन् ।
- परियोजना लागु भएका ३ जिल्लाहरु लमजुङ, गोरखा र कास्कीमा जिल्लास्तरीय सांस्कृतिक प्रवर्द्धन समूहको वैठक बसी स्थानीय संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै आएका छन् । शुरु देखि हालसम्म जिल्ला सांस्कृतिक प्रवर्द्धन समूहको त्रैमासिक वैठक बसी कार्यक्रम सञ्चालन गरि रहेको छ । यी जिल्लास्तरीय सांस्कृति प्रवर्द्धन समूहहरुले जातीय संघसंस्था, स्थानीय सरकारी निकाय, सामाजिक संघसंस्था, बुद्धिजीवि, अधिकारकर्मी आदिलाई वैठकमा आमन्त्रित गरी गाविसस्तरीय सांस्कृति प्रवर्धन समूहहरुको कार्यसमिक्षा र उनीहरुलाई कार्यनीतिक सहयोग गर्दै सांस्कृतिक भेदभाव विरुद्ध आवाज उठाउन, स्थानीय संस्कृतिको जगेर्णा गर्न, सांस्कृतिक सद्भाव कायम राख्न, सांस्कृतिक आदनप्रदान गर्न एक साझा मञ्चको कार्य गरिरहेका छन्
- परियोजना लागु भएका ३ जिल्लाहरु लमजुङ, गोरखा र कास्कीका ३ वटा छनौट भएका नि.मा.वि./मा.वि. स्तरीय विद्यालयहरुमा शिक्षामा सृजना अन्तरगत शिक्षा र संस्कृतिबीच सम्बन्ध स्थापना गर्न सांस्कृतिक क्लव गठन गरी मिति आश्विन देखि चैत्र २०६८ गते सम्म विद्यालयका वालवालिकाहरुलाई आफ्नो संस्कृतिबारे ज्ञान दिन, विद्यालय शिक्षालाई मौलिक संस्कृतिसँग सम्बन्ध स्थापित गर्न र शिक्षालाई सृजनात्मक बनाउन सहयोग पु¥याउने हेतुले हरेक विद्यालयमा ४० मिनेटको १० वटाका दरले कूल ३० वटा स्थानीय धार्मिक अगुवा, संस्कृतिका जानकार व्यक्ति, परम्परागत सामाजिक संस्थाका अगुवा, सांस्कृतिक कलाकार, स्थानीय बुद्धिजीविहरु द्धारा अनौपचारिक कक्षा सञ्चालन गरियो । तमू संस्कृति, यसको परिचय, स्थानीय महत्वका संस्कृति, परम्परागत ज्ञान, सीप र प्रविधि, परम्परागत कानून, सांस्कृतिक अधिकार, संस्कृति र शिक्षा, संस्कृति र विकास, लोपन्मूख संस्कार, परम्परा आदि विषयहरु समावेश गरिएका थिए । मिति २०६८ कार्त्तिक देखि चैत्र सम्म प्रत्येक स्कूलमा १०/१० गरी जम्मा ३० वटा स्थानीय संस्कृति, सांस्कृति विविधता संरक्षण र प्रवर्द्धन जस्ता बिषयवस्तुमा बालबालिकाहरुलाई खोजमूलक अध्ययन गराउन छनौट भएका विद्यालयहरुमा प्रतियोगितात्मक क्रियाकलापहरु सञ्चालन गरिएका थिए । साथै छनौट भएका विद्यालयका बालबालिकाहरुलाई हाम्रो स्थानीय संस्कृति, मौलिक परम्परा र ऐतिहासिक सम्पदाबारे ज्ञान दिन १/१ दिने अध्ययन अवलोकन भ्रमण आयोजना गरिएको थियो ।
- परियोजना लागु भएका ३ जिल्लाहरु लमजुङमा मिति २०६९/०२/२५ गते, गोरखामा २०६९/०२/२८ र कास्कीमा २०६९/०३/१० गते प्राकृतिक स्रोत-साधन व्यवस्थापन सम्बन्धी अन्तरकृया कार्यक्रम सञ्चालन गरिएका थिए । आदिवासी जनजाति समुदायमा रहेको प्राकृतिक स्रोतसाधनको व्यवस्थापनको ज्ञान, सीप र प्रविधिलाई सामुदायिक वनको प्रवर्द्धन कार्यमा उपयोग गर्ने हेतुले आदिवासी जनजाति समुदायका जानकार मानिस तथा सम्बन्धित गाविसस्थित सामुदायिक बन उपभोक्ता समितिहरुबीच १ दिने अन्तरकृया सञ्चालन गरिएको हो । जिल्लाभित्रका प्राकृतिक स्रोत-साधन व्यवस्थापनसम्बन्धी परम्परागत ज्ञान, सीप र प्रविधिबारे जानकार आदिवासी जनजाति अगुवाहरु सहभागी रहेका थिए । अन्तरकृया कार्यक्रम जिल्ला वन कार्यालयका अधिकृतहरुबाट सम्पन्न गरिएको थिए ।
- परियोजना लागु भएका ३ जिल्लाहरु लम्जुङमा मिति २०६९/०२/२६ गते, गोरखामा २०६९/०२/२९ र कास्कीमा २०६९/०३/११ गते परम्परागत तथा आधुनिक स्वास्थ्यकर्मीबीच अन्तरकृया सञ्चालन सञ्चालन गरिएका थिए । जडिबुटी तथा परम्परागत उपचार पद्दतिबारे जानकार आदिवासी जनजाति समुदायका जानकार मानिस तथा छनौट भएका गाविसस्थित स्वास्थ्यचौकी, उपस्वास्थ्यचौकी आदिमा कार्यरत स्वास्थ्यकर्मीबीच स्वास्थ्य उपचार पद्दतिसम्बन्धी ज्ञान, सीप तथा प्रविधि आदान-प्रदान गर्ने हेतुले १ दिने अन्तरकृया सञ्चालन गरिएको थियो । स्वास्थ्यकर्मी र परम्परागत उपचारको ज्ञान, सीप र प्रविधिबारे जानकार आदिवासी जनजाति समुदायका मानिसहरु अन्तरकृयामा भाग लिएका थिए ।
- परियोजना लागु भएका ३ जिल्लाहरु स्थानीय संस्कृति, सांस्कृतिक अधिकार र सांस्कृतिक विविधताको संरक्षण तथा प्रवर्धनका लागि स्थानीय तहमा सचेतना बृद्धि र नीतिगत तहमा जनवकालत र जनदवाव सृजना गर्ने उदेश्यका साथ लमजुङमा मिति २०६८/०९/२२ गते प्रथम र २०६९/०४/०३ गते द्धितीय, गोरखामा २०६८/०९/१५ गते प्रथम र २०६९/०४/२५ गते द्धितीय र कास्कीमा २०६८/०९/२९ गते प्रथम र २०६९/०४/३० गते द्धितीय जम्मा २/२ पटक जिल्ला स्तरीय सामुहिक अभियान (Mass Based Campaigns) सञ्चालन गरियो ।
- परियोजना लागु भएका लमजुङ, गोरखा र कास्कीमा जनजाति आदिवासीहरुको मुल्यवान परम्परा र संस्कृतिका विभिन्न पक्षहरुलाई पुनर्जीवित गर्ने उदेश्यका साथ संस्कृतिका विभिन्न आयामबारे तालिम सञ्चालन गरियो । यस तालिमको मुख्य उद्धेश्य रहेको र यस ३ दिने तालिम कार्यक्रममा परम्परागत, सामाजिक वा सांस्कृतिक संस्था तथा धर्मगुरु, समुदायका अगुवाहरु समेत गरी कूल २० जना सहभागी रहेका थिए ।
- परियोजना लागु भएका ३ जिल्लाहरुमा समुदाय, स्थानीय निकाय तथा स्थानीय स्रोत-साधनको परिचालन गरी परम्परागत सामाजिक संस्था तथा सांस्कृतिक धरोहरको जिर्णोद्वार कार्य शुरु गरिएको छ ।
- परियोजनाको कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन तथा यसको प्रभावकारीतालाई विस्तार गर्ने उद्देश्यले तमू ह्युल छोंज धि गुरुङ राष्ट्रिय परिषदको अध्यक्षको अध्यक्षतामा परियोजना व्यवस्थापन समिति गठन भई हाल सम्म १० वटा त्रैमासिक नियमित वैठक बसेको छ ।

- परियोजनाको सहयोगमा तमू ह्युल छोंज धि गुरुङ राष्ट्रिय परिषद लमजुङसंग आवद्ध परम्परागत वस्तु उत्पादक सहकारी संस्था लिमिटेडको गठन गरि मिति २०६९ आश्विन ५ गते डिभिजन सहकारी कार्यालय दमौली, तनहँमा दर्ता गरिएको छ । यस सहकारी संस्थामा ९ जना सञ्चालक समिति, ३ जना लेखा समेत गरी २५ जना शेयरहोल्डर विशेषगरी परम्परामा आधारित राडीपाखी बुनाई सीप अभिबृद्धि २५ दिने तालिममा संलग्न रहेका सहभागी उद्यमीहरु सदश्य रहेका यस परम्परागत वस्तु उत्पादक सहकारीबाट तमू समुदायको कला, संस्कृति, परम्परामा आधारित वस्तु तथा सेवा उत्पादन कार्यमा संलग्न उद्यमी सदस्यहरु थप हुनेछन् । सहकारी सञ्चालन सहकारी ऐन अनुरुपको कार्यसमिति र सहकारीका सदस्यहरुको साधारण सभाले गर्नेछ । सहकारी गठनको मुख्य उद्धेश्य आदिवासी जनजातिको परम्परागत कला, सांस्कृतिकमा आधारित बस्तु वा सेवाको उत्पादन, ज्ञान, सीप र क्षमता जीविकोपार्जनको माध्यमको रुपमा बिकास गर्दै यसको संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याउनु रहेको छ ।
- परियोजनाको सहयोगमा तमू ह्युल छोंज धि गुरुङ राष्ट्रिय परिषद लमजुङको सञ्चालक समितिका सदश्यहरुलाई मिति २०६९ आश्विन ६ देखि १० गत सम्म ५ दिने सहकारी सञ्चालन प्राविधिक तालिम गरियो । सहकारीलाई संस्थागत रुपमा विकास गर्न गठित सहकारीहरुका सदस्यहरु मध्येबाट ७ जना छनौट भएका सदस्यहरुलाई स्वलगानीमा सञ्चालित सहकारी तालिम सहभागी गराईयो । यस तालिममा सहकारी सिद्धान्त, सहकारी कार्य सञ्चालन, बचत तथा लगानी परिचालन, सामुहिक उद्यमशीलता, दीगो सहकारीको अवधारणा आदि विषयमा प्रशिक्षण दिइएको छ ।
- परियोजनाको सहयोगमा तमू समुदायको परम्परागत सीप राडिपाखी बुनाई र जीविकोपार्जन सम्बन्धी ३० मिनेटको वृतचित्र निर्माण गर्ने कार्य भएको छ ।

**उपलब्धी :**

- ऐतिहासिक तमू एकता सांगठानिक रुपमा जिल्ला समिति, तमू संघ संस्थामा हुनु तथा भावनात्मक रुपमा तमू समुदायका जिल्ला तथा गाउँ तहसम्म पुग्न सक्नु ।
- संस्थाको संगठन विस्तार ५४ जिल्लामा विस्तार हुनु साथै अर्न्तराष्ट्रिय क्षेत्रमा सर्म्पक तथा सम्बन्ध कायम हुनु ।
- आादिवासी जनजाति र जातिय पहिचानको आन्दोलनको अग्रमोर्चामा हाम्रो संस्था रहनु ।
- केन्द्रिय कार्यालय तथा तमू संग्रहालय निर्माण कार्यमा काम भई अन्तिम चरणको निर्माण बाँकी रहनु ।
- भातृसंस्था तमू विधार्थी छोंज धीं र तमूस्यो हयुल छोंज धींको राष्ट्रिय सम्मेलन र पार्षद सभा हुनु ।
- अक्षयकोष स्थापना हुनु ।
- आर्थिक नियमावली तथा कर्मचारी विनियम निर्माण हुनु ।
- तमू मातृभाषा कार्यक्रम उत्साहजनक रुपमा चल्नु र मातृभाषाको संरक्षण विकासमा समुदायमा जनचेतना अभिबृदि हुनु ।
- तमू समुदायमा तमू संस्कार, संस्कृतिको संरक्षण तथा सम्बर्द्धन सम्बन्धी संचेतना जागरुक गर्नमा नेपालका आदिवासी जनजातिहरुको आत्मसम्मान र विकासका लागि साँस्कृतिक विविधता प्रवर्द्धन परियोजनाले सकारात्मक प्रभाव पार्नु ।
- तमू समुदायको ऐतिहासिक थलो क्होल सों प्रें ट्हो (क्होल सोंथर) संरक्षण, सर्म्बद्धन गर्न रणनीतिक रुपमा कार्ययोजना निर्माण गर्नु ।
- तमूहरुको संस्कार, संस्कृति वा प्ये ताँ ल्हु ताँको विकासका लागि जनचेतना विकास हुनु ।
- जिल्ला तथा क्षेत्रीय स्तरका प्रशिक्षण नियमित रुपमा हुनु ।

**कमी कमजोरी :**

- संस्थाको नेतृत्व तथा कार्यकर्ता पंक्तिमा वैचारिक तथा सांगठानिक ज्ञानको कमी रहनु ।
- तमू एकताको मुल मर्म र भावनालाई सामुहिक रुपमा अगाडि बढाउनमा कमी रहनु ।
- पहिचान र तमूवानको विषयलाई तमू समुदायमा घनीभुत रुपमा उठान गर्नमा चुक्नु ।
- व्यवस्थीत र श्रृखलाबद्ध कमिटि प्रणालीको विकास गर्न नसक्नु ।
- कमिटि प्रणली र वैठक निर्णय कायन्यवन प्रभावकारी हुन नसक्नु र जिम्मेवारी पुरा गर्नमा उत्साहित हुन नसक्नु ।
- सामुहिक उत्तरादायित्व लिनमा कमजोरी रहनु ।
- नियमित सांगठानिक कार्यमा भन्दा बढि अन्य कुरामा बैठक बढि बस्ने अवस्था सृजना हुनु ।

**भावी कार्यक्रमहरु :**

क) राष्ट्रिय तथा पहिचान तर्फ :

- जातीय पहिचान र संघीयता विरोधीहरुको भण्डाफोर गर्दै किन पहिचानजनित संघीयताको पक्षमा हामी उभिएका छौ भन्ने विषयमा व्यापक प्रशिक्षण, अन्तरक्रिया आदी कार्यक्रमहरु गर्ने ।
- जातीय, भाषिक, सास्कृतिक, धार्मिक विभेद, असमानता र दमनका कारण पिछडिएका, राज्यका मूलधारभन्दा बाहिर रहेका जाति समुदायको अधिकारलाई सुनिश्चित गर्न राज्यसत्तामा जोड दिने ।
- यदि संविधानसभाको पुनः निर्वाचन भएको खण्डमा जातीय पहिचान पक्षधर जुनकुनै दलमा रहनु भएका तमूहरुलाई विजय गराउन पहल गर्ने ।

- तमूवानभित्रका जिल्ला समितिहरुले जिल्लाका अन्य समुदाय र वर्गका संघसंस्था र व्यक्तिहरुसँग सहकार्य र छलफललाई अघि बढाउने । केन्द्रमा पनि तमूवानका वारेमा रहेका भ्रम प्रष्ट गर्दै अन्य जातजातिहरुसँग बहस, छलफल अघि बढाउने ।
- तमू लगायतका आदिवासी जनजातिहरुको पक्षमा नयाँ संविधान लेखनको लागि दबाबमूलक आन्दोलनका कार्यक्रमहरु गर्ने ।
- सम्पूर्ण तमू (गुरुङ) जातिको हक, अधिकार पहिचान सहितको संघीयता, संघीयता सहितको संविधान निमार्ण गर्नको लागि हरेक क्षेत्रबाट जोड्दार पहल र संघर्ष गर्ने ।
- नेपालको आदिवासी जनजाति आन्दोलनलाई अझै सशक्त बनाउन र नेपाल आदिवासी जनजाति महासंघलाई सम्पूर्ण आदिवासी जनजातिहरुको साझा संस्थाको रुपमा क्रियाशिल गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने । कुनैपनि राजनैतिक दलको प्रभावमा नपरी केवल आदिवासी जनजातिका साझा मुद्दाहरुमा केन्द्रित हुन दबाव तथा सहयोग गर्दै जाने ।

**ख) संस्थागततर्फ :**

- आगामी वर्षभित्रमा निर्माणधिन केन्द्रीय कार्यालय तथा तमू संग्राहलय भवन निर्माण सम्पन्न गर्ने ।
- भारत, भूटान, वेलायत, अमेरिका, दक्षिण कोरिया, हङकङ, बेल्जियम लगायतका देशहरुमा क्रियाशिल तमू संघ संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने ।
- हाम्रो संस्थासँग आवद्ध हुन बाँकी संघ संस्थाहरुलाई आवद्ध गराउन पहल गर्ने ।
- हाम्रो भाषा, साहित्य र लिपिको संरक्षण, सम्वर्द्धन गर्दै आउने वर्ष भित्रमा लिपी सम्मेलन गरि लिपि सम्वन्धी विवादलाई समाधान गरि तमू लिपिको विषयमा निर्क्यौल गर्ने ।
- संसारभरका तमूहरुको परम्परा, संस्कार र संस्कृतिमा एकरुपता ल्याउनको लागि खेगी तथा च्योँगीहरुको राष्ट्रिय भेला गर्ने ।
- शिक्षित तमू युवाहरुलाई निजामती कर्मचारी क्षेत्रमा वढी भन्दा वढी प्रवेश गराउनको लागि आवश्यकता अनुसार क्षेत्रगत रुपमा लोकसेवा आयोगको पूर्व तयारी कक्षा संचालन गर्ने ।
- संसारभर छरिएर बसोबास गरेका तमू (गुरुङ) हरुको एउटा संगठन निमार्ण गर्न पहल गर्ने ।
- देशभरका सम्पूर्ण तमू (गुरुङ) जाति भएका ठाउँहरुमा संगठन विस्तार र सुदृढीकरण कार्यक्रम बनाई अगाडी बढ्ने ।
- तमू ह्युल छोंज धींको भातृ संस्था तमूस्यो ह्युल छोंज धीं, नेपाल तमू (गुरुङ) विद्यार्थी छोंज धीं, तमू हयुल यूवा छोंज धीं संगठनहरुलाई मजवुत बनाउन प्रशिक्षण दिने ।
- तमू समुदायको प्ये ताँ ल्हु ताँको संरक्षण गर्न प्ये ताँ ल्हु ताँ साक्षरता अभियान संचालन गर्ने ।

**राज्यतर्फ :**

- सम्पूर्ण तमू (गुरुङ) जातिको भाषा, संस्कार, संस्कृति, भेष-भूषाको संरक्षण र संवर्द्धन गर्नको लागि रणनीतिक योजना बनाई नेपाल सरकारसँग माँग गर्ने ।
- तमू (गुरुङ) जातिको परम्परा देखि गर्दै आएको पेशाको पहिचान गरी लोप हुन नदिन राष्ट्रिय कार्यशाला गोष्ठी र नीति निर्माण, कार्ययोजना तयार गर्ने तथा नेपाल सरकारसँग पहल गर्ने ।
- तमू (गुरुङ) जातिको महान चाँड तमू ल्होछारको सार्वजनिक विदा कम्तिमा ३ (तीन) दिनसम्म माग गर्ने । .
- सम्पूर्ण तमू (गुरुङ) हरुको मात्रै कारोबार गर्ने गरी हरेक जिल्लामा सहकारी संस्था खोल्न पहल गर्ने ।
- आदिवासी जनजाति पुनःसुचि परिमार्जन कार्यदलले तमूहरुलाई कुगी, घले, लामिछाने, रनमई, घोताने र लामा गरी जम्मा ६ वटा उपथरहरुमा विभाजन गरी नेपाल सरकारलाई बुझाएको प्रतिवेदनमा असहमति जनाउँदै हामी सम्पूर्ण तमू गुरुङहरु एक हौं र उपथरहरु छुट्याउन आवश्यक नभएकोले सच्याउन दवाव दिने ।
- तमूहरुको आदिम थलो क्होल सों प्रे ट्होको संरक्षण एवं सम्वर्द्धन गर्न कार्ययोजना निर्माण गरि नेपाल सरकार लगायत विदेशी दातृ निकायहरुसँग पहल गर्ने ।
- जलवायु परिवर्तन र यसले तमू समुदायमा पार्ने प्रभावका विषयहरुमा जनचेतना, परियोजना कार्यक्रम गर्ने ।

अन्तमा, संघीयताभित्र तमूवानको सुनिश्चतता नभएसम्म हामीले सवै दलका तमूहरुलाई समेटेर हाम्रो संस्थाको पहलमा सवै दलका तमूहरु रहनु भएको तमूवान संयुक्त संघर्ष समिति मार्फत आन्दोलनको आधिवेहरी सृजना गरी संविधानमा हाम्रा सवालहरु समावेश गर्नका लागि अगुवाई गर्नुपर्ने भएको छ । त्यसको लागि यो महाधिवेशनले गहन रुपमा छलफल गरियोस । साथै संस्थालाई गतिशिल र तमूको हितको लागि यो महाधिवेशनले निर्णय लिन आवश्यक छ । माथि संस्थाले लिएको र लिनुपर्ने उल्लेखित नीति, कार्यक्रम, गतिविधी र विचार माथि व्यापक र तथ्यगत रुपमा स्वस्थ छलफल गरी यो सांगठानिक प्रतिवेदन पारित गरिदिन हुन म सबैमा अनुरोध गर्न चाहन्छु ।

रेशम तमू,<br>
महासचिव<br>
माघ २०,२१ र २२, २०६९,